भूकम्पपछि नेपाली बालबालिकाका आवाज

भूकम्पबाट पुनः उत्थानसम्बन्धी नेपाली बालबालिकासँगको परामर्श

PLAN INTERNATIONAL

Save the Children

unicef

World Vision®

In collaboration with:

Government of Nepal
Central Child Welfare Board

Government of Nepal
Ministry of Federal Affairs and Local Development

कृतज्ञता

यो प्रतिवेदन सेभ द चिल्ड्रेन, वर्ल्ड भिजन इन्टरनेशनल नेपाल, प्लान इन्टरनेशनल तथा युनिसेफका तर्फबाट लुसिया विदर्स र नीर दाहालले तारा बज्राचार्य र नयना पुरीको सहयोगमा लेख्नु भएको हो । अध्ययनका लागि आवश्यक विधिहरु, तथ्यांक संकलन, विश्लेषण, लेखाजोखा र प्रशिक्षण सेभ द चिल्ड्रेनबाट नीर दाहालले तर्जुमा र व्यवस्थापन गर्नु भएको थियो । यस परामर्शका तीनवटा सहकर्मी निकायहरूका सम्पर्क व्यक्तिहरु एन्थोनी डेभिस र अमान्डा लुन्डी (प्लान इन्टरनेशनल), पुष्कर खाती (वर्ल्ड भिजन इन्टरनेशनल नेपाल) र अञ्जली प्रधान (युनिसेफ) हुनुहुन्थ्यो ।

यस प्रतिवेदनले दुईवटा भूकम्पहरूबाट प्रभावित बालबालिकाहरु, जोसित २०१५ को मे र जुन ताका परामर्श गरिएको थियो, का दृष्टिकोण र आवाजहरूलाई प्रतिविम्बित गर्छ । यो संकटबाट प्रभावित बालबालिकाहरूप्रति कृतज्ञ हुँदै यस परामर्शमा सहभागी भएका १,८३८ जना बालबालिकाहरूलाई हामी हार्दिक धन्यवाद ज्ञापन गर्दछौं ।

कठीन परिस्थितिका बावजुद यस परामर्श कार्यान्वयन गर्न कठोर मेहेनत गर्ने सबै सहजकर्ताहरु तथा अभिलेखनकर्ताहरूलाई धन्यवाद दिनै पर्छ । चंगा र यूवालयसँगै विदुर बास्तोला, अनिता दाहाल, केटी ड्रु, प्याट गेइड, डिल्ली गुरागाईं, नविला हमिद, साराह आयर्लेन्ड, रूपा जोशी, सुशील जोशी, डोभान लाओटी, लक्ष्मी पाठक, सुमन राई, इसाबेल रिसोगिल, सुनील श्रेष्ठ, एन्थोनी स्पालटन, लिन्डा स्टेइनबोक, म्हेन्दो तामाङ, मनकुमारी ठाडा र ओलिभिया जिनजानलाई पनि धन्यवाद नदिई रहन सकिन्न ।

संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय र केन्द्रिय बालकल्याण समितिप्रति हामी कृतज्ञता ज्ञापन गर्न चाहन्छौं । संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयका रेश्मीराज पाण्डे, ईश्वर पौडेल, श्यामराज अधिकारी, पुरूषोत्तम नेपाल र सीता परियार र केन्द्रिय बालकल्याण समितिका तारक धिताल र ज्ञानेन्द्रकुमार श्रेष्ठसहित उक्त निकायबाट संलग्न अधिकारीहरूलाई विशेष धन्यवाद दिन चाहन्छौं । यसका साथै सम्बन्धित जिल्लाका जिल्ला विकास समितिहरु, गाउँ विकास समितिहरु, जिल्ला बालकल्याण समितिहरु र जिल्ला दैवीप्रकोप उद्धार समितिहरूलाई उहाँहरूले पुऱ्याउनु भएको सहयोगका लागि हामी धन्यवाद दिन चाहन्छौं ।

विषय सूची

०४ — कार्यकारी सारांश

०६ — परिचय

०७ — खण्ड १: कार्यविधि

११ — खण्ड २: सरोकारका सवालहरु

२२ — खण्ड ३: भूकम्पले बालबालिकाहरुको समुन्नति, भूमिका, संरक्षण र भविष्यमा पारेको प्रभाव

३२ — खण्ड ४: प्रतिक्रिया र पुनःउत्थान : बालबालिकाहरुका दृष्टिकोण र प्राथमिकताहरु

४२ — खण्ड ५: भविष्यका विपत्तिहरुका लागि तयारी

४५ — निष्कर्ष

४६ — अनुसूची

आवरण चित्र :
विजय गजमेर/सेभ द चिल्ड्रेन

कार्यकारी सारांश

नेपालमा २५ अप्रिल २०१५ (२०७२ वैशाख १२ गते) का दिन ७.६ तह (magnitude) को भूकम्प गयो र १२ मे (वैशाख २९ गते) का दिन पनि ६.८ तहको भूकम्प गयो । यी दुई घटनाहरु लगायत सयौं पराकम्पनहरुका कारणले ८,७०० भन्दा धेरै मानिसहरुको मृत्यु[1] हुनुका साथै प्रभावित जिल्लाहरुमा व्यापक विनाश भयो । नेपालको जनसंख्याको ४२ प्रतिशत[2] ओगटेका बालबालिकाहरुले अकल्पनीय मानसिक पीडा र हानि व्यहोर्नु पऱ्यो ।

भूकम्पबाट भएको क्षति र त्यसको परिणामस्वरुप उत्पन्न आवश्यकताहरु नेपाल सरकारले गरेको विपद्-पश्चात्को आवश्यकता लेखाजोखा (पिडिएनए) मा अभिलेखन गरिएको छ । अन्य कुराहरुका साथै यस अभिलेखले "महिलाहरु, बालिकाहरु र बालबालिकाहरु" को संरक्षणमा भूकम्पका संभावित "भयावह परिणामहरुका बारेमा स्पष्टरुपमा चेतावनी दिएको छ।[3]

बालबालिकाहरुमा भूकम्पका प्रभावहरुबाट उत्पन्न परिणामहरुलाई राम्ररी बुझ्नका लागि संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय र केन्द्रीय बाल कल्याण समितिसँगको समन्वयमा चारवटा बाल-केन्द्रित निकायहरुले लक्षित समूह छलफल (FGDs) विधि प्रयोग गरेर भूकम्पबाट अति प्रभावित १४ जिल्लाका १,८०० भन्दा धेरै बालबालिकाहरुसित भूकम्पबाट बालबालिकाहरुमा उत्पन्न प्रभावबाट पुनःउत्थान (रिकभरी) सम्बन्धी परामर्श गरेको थियो । त्यस परामर्शका उद्देश्यहरु भूकम्पको परिणामस्वरुप उत्पन्न परिस्थितिमा बालबालिकाहरुले के कस्ता चुनौतीहरु सामना गर्नु परिरहेको छ भन्ने कुरा उनीहरुबाटै प्रत्यक्षतः सुन्नु; उनीहरुको भूमिका र जिम्मेवारीमा संकटका प्रभाव तथा भविष्यका अवसरहरु लेखाजोखा गर्नु; तथा भूकम्पबाट उत्पन्न प्रभावबाट पुनःउत्थान हुने विषयमा उनीहरुका दृष्टिकोणहरु र सुझावहरु संकलन गर्नु थियो ।

यस परामर्शबाट प्राप्त जानकारीहरुले भूकम्पको प्रभावको गंभीरतालाई सशक्तरुपमा प्रदर्शित गरेको छ । उनीहरुले उठाएका तात्कालिक सरोकारका धेरैजसो सवालहरु अहिले उनीहरु बाँचिरहेका अवस्थाहरुसित सम्बन्धित छन् । ती बालबालिकाहरुले पहिचान गरेका तीनवटा प्राथमिक सवालहरु निम्न हुन् :

- उनीहरुका घरहरु ध्वस्त भएको वा क्षति भएकोले गर्दा उनीहरुमध्ये धेरैजना बसिरहेका पालहरु र अन्य प्रकारका अस्थायी आश्रयस्थलहरुको अपर्याप्तता र असुरक्षा;
- विद्यालयहरु बन्द भएकोले गर्दा उनीहरुको सिकाई र सामाजिक अन्तरक्रियामा परेको प्रभाव, तथा धेरै जनाको विद्यालयमा फर्किने चाहना; तथा
- सुरक्षित खानेपानी, सरसफाई र चिकित्सा सेवामा पहुँचको अभाव, तथा तिनीहरुको परिणामस्वरुप आफ्नो र परिवार तथा समुदायका सदस्यहरुको स्वास्थ्यका लागि उत्पन्न त्रास ।

बालक र बालिकाहरुमाथि भूकम्पका असरहरु अझ व्यापक छन् । उनीहरुले परिवारका सदस्यहरु र साथीसँगीहरुको मृत्युको पीडा झेल्नु पर्ने मात्र नभई अन्य धेरै प्रकारका क्षतिहरु ब्यहोर्नु पर्ने कुरा लगायत नौला र अत्यन्त चुनौतीपूर्ण परिस्थितिहरुसित तालमेल मिलाउनु पर्ने पनि हुन्छ । यस परामर्शको दौरानमा निम्न

किसिमका व्यापक प्रभावहरु रहेको थाहा भएको छ :

- मृत्यु र घर, सरसामान, विद्यालय, मन्दिर तथा पूजा गर्ने ठाउँहरु, समुदायहरु र जीवनको तौर तरिकाहरूको क्षति हुनाले उत्पन्न दुःख र पीडाको गहिरो भाव;
- अर्को भूकम्प र अन्य संभावित जोखिमहरूको त्रास तथा भविष्यका बारेमा चिन्ता;
- घरायसी कामहरु र पर्याप्त खाना, आश्रय र पानी आपूर्ति गर्ने कामहरूका लागि आमाबुबालाई सघाउनु पर्ने हुनाले उत्पन्न थप कार्यबोझ; तथा
- विशेष गरी बालिकाहरु शोषण र दुर्व्यवहारको जोखिममा पर्न सक्ने संत्रासमा बृद्धि ।

माथि उल्लिखित लगायत अन्य प्रभावहरूले आश्रय जस्ता स्पष्ट देखिने आवश्यकताहरु मात्र नभई बालबालिका र उनीहरूका परिवारको मनोसामाजिक र संरक्षणसम्बन्धी आवश्यकतातर्फसमेत दर्शाएका छन् ।

यस परामर्शमा सहभागी भएका बालबालिकाहरूले विस्तृत र व्यवहारिक सुझावहरु प्रस्ताव गरेका छन् । उनीहरूका समुदायहरु कसरी पुनर्निर्माण भएको चाहेका छन् तथा यो पूरा गर्नका लागि आवश्यक सहायता के हो भन्ने कुरा बारे उनीहरूका स्पष्ट विचारहरु आएका छन् । विध्वंशपछिको पुनर्निर्माणमा उनीहरूले आफ्नो र समुदायको सुस्पष्ट भूमिका देखेका छन् । चुनौतीहरूका बावजुद उनीहरूले अधिकारीहरु र अन्य सरोकारवालाहरूबाट उल्लेखनीय सहायताको समुचित अपेक्षा व्यक्त गरेका छन् । उनीहरूले प्रस्तुत गरेका विस्तृत सुझावहरु यस प्रतिवेदनमा समावेश गरिएका छन् ।

यस परामर्शका दौरानमा प्राप्त उमेर र लिंग विशेषका सवालहरु तथा सुझावहरूले विपद् व्यवस्थापनको सबै चरणका निर्णय प्रक्रियाहरूका बारेमा बालबालिकाहरूलाई सुसूचित गराउनका साथै परामर्शमा सहभागी गराउने कुरा सुनिश्चित गर्नु पर्ने कुराको महत्व प्रदर्शन गरेको छ । यसका साथै विपद् पूर्वतयारी योजना तर्जुमा र कार्यान्वयनमा बालबालिकाहरूलाई सहभागी गराउनु पर्ने कुराको महत्वलाई पनि यसले जोड दिएको छ । यस परामर्शमा सहभागी भएका धेरै बालबालिकाहरूले के बताएका थिए भने भूकम्प के हो वा त्यसलाई कसरी सम्बोधन गर्ने भन्ने बारेमा उनीहरूलाई केही पनि थाहा थिएन । बालबालिकाहरूसँग जानकारीहरु आदानप्रदान गर्नाले र उनीहरूलाई पूर्वतयारी योजना तर्जुमा प्रक्रियामा संलग्न गराउनाले भविष्यमा हुन सक्ने विपद्का घटनाहरूमा उनीहरूलाई संरक्षित हुन सहयोग पुग्नेछ ।

यस परामर्शले नेपाल सरकारले नेतृत्व गरिरहेको चालु पुनःउत्थान तथा योजना तर्जुमा प्रक्रियामा योगदान गर्नेछ तथा भूकम्पबाट प्रभावित लाखौं मानिसहरूलाई सहायता गर्ने कार्यमा संलग्न राष्ट्रिय अधिकारीहरु, मानवीय सहायता नियोगहरु र अन्यले सम्बोधन गर्ने र देशभरी भविष्यमा हुन सक्ने विपद्हरु सम्बन्धमा योजना तर्जुमा गर्ने प्रयत्नहरूलाई सुसूचित गर्नेछ भन्ने आशा लिइएको छ ।

परिचय

गत वैशाख (अप्रिल र मे) महीनामा नेपालमा गएका दुईवटा ठूला भूकम्पहरु लगायत सयौं पराकम्पनले नेपालका ७५ मध्ये ३१ जिल्लाहरूमा धेरै ठूलो विध्वंश गऱ्यो । हालैको सूचनाअनुसार, यसबाट ८,७९० जना मानिसको मृत्यु भएको छ भने २२,३०० घाइते भएका छन्, जसमध्ये धेरै बालबालिका छन् ।[४] घरहरु, विद्यालयहरु, स्वास्थ्य केन्द्रहरु र अन्य सार्वजनिक र निजी संरचनाहरु, तथा धार्मिक र सांस्कृतिक धरोहरहरु लगायत हजारौं भवनहरु ध्वस्त वा क्षतिग्रस्त भएका छन् । संरचनाहरु भत्किएका छन् भने आजीविकाहरु गंभीररूपले क्षतिग्रस्त भएका छन् ।

यी भूकम्पहरूबाट प्रभावित ८० लाख जनसंख्यामा ३२ लाख बालबालिका छन्, जसमध्ये लगभग १० लाख चाहिँ १४ वटा अति प्रभावित जिल्लाहरूमा बसोवास गर्छन् ।[५] उनीहरूको युवावस्था फरक अनुभवहरु र विशिष्ट जोखिमहरु तथा आवश्यकताहरूले प्रभावित हुन्छ, जसलाई यस्तो विनाशकारी घटना पश्चात्को अवधिमा सहजै नजरअन्दाज गर्न सकिने संभावना रहन्छ । धेरै जना त राष्ट्रिय औसतभन्दा धेरै न्यून तहको मानव विकास सूचकाङ्क भएका जिल्लाहरूमा बस्ने र अत्याधिक संख्यामा उपेक्षित सामाजिक समूहहरु (निम्न जात, जातिहरु र आदिवासी समुदायहरु) का भएको कुराहरूको मिश्रणले धेरै बालबालिका र किशोर-किशोरीहरूलाई अनिश्चित भविष्यको संघारमा पुऱ्याइदिने कारक बनेको छ ।[६]

अन्य विपद् र विपद्-पश्चात्का अवस्थाहरूमा विगतका अनुभवहरु र प्रयासहरूका आधारमा प्लान इन्टरनेशनल, सेभ द चिल्ड्रेन, युनिसेफ र वर्ल्ड भिजन इन्टरनेशनलले संघीय मामिला र स्थानीय विकास मन्त्रालय तथा केन्द्रिय बालकल्याण समितिसँगको समन्वयसाथ १४ वटा अत्यन्त प्रभावित जिल्लाहरूमा "भूकम्पबाट पुनःउत्थानसम्बन्धी नेपाली बालबालिकासँगको परामर्श" सञ्चालन गरेको थियो ।[७] यस परामर्शले भूकम्प र आपत्कालीन सेवा सम्बन्धमा बालबालिकाहरूका दृष्टिकोणहरु र अनुभवहरु आकलन गर्नुका साथै उनीहरूले पहिचान गरेका सवालहरूलाई कसरी सम्बोधन गर्ने भन्ने सुझावहरु संकलन गरेको छ ।

खण्ड १ : कार्यविधि

भूकम्पबाट बालबालिकाहरूमा उत्पन्न प्रभावबाट पुनःउत्थानसम्बन्धी परामर्शका सहकर्मी नियकाहरूले सन् २०१५ मेको अन्त्य र जुनको प्रारम्भ (जेठ २०७२) ताका १४ वटा जिल्लामा १,८३८ जना बालबालिकाहरूसित सहभागीमूलक लक्षित समूह छलफल चलाएका थिए । प्रत्येक जिल्लामा जिल्ला सदरमुकाम र दुईवटा गाउँ विकास समितिमा लक्षित समूह छलफल सञ्चालन गरिएका थिए ।

बालबालिकाहरूका विभिन्न आवश्यकता र परिप्रेक्ष्यलाई मध्यनजर गर्दै समूहहरूलाई लिङ्ग (बालक र बालिका) र उमेर समूह (८-१२ वर्ष र १३-१८ वर्ष) का आधारमा विभाजन गरिएका थिए । सम्बन्धित निकायका कार्यक्रम कर्मचारी र परामर्शदाताहरूसमेतले गरी कुल १६६ वटा लक्षित समूह छलफल सञ्चालन भएका थिए । प्रत्येक लक्षित समूह छलफलमा एकजना सहजकर्ता र एकजना अभिलेखनकर्ता (बालिकाहरूसितको लक्षित समूह छलफलमा महिला सहजकर्ता र बालकहरूसित पुरूष सहजकर्ता) थिए । परामर्श टोलीहरूले विधि, तथा प्रक्रिया र प्रतिवेदनका ढाँचाहरु लगायत बाल संरक्षण नीतिहरु र मनोसामाजिक सहायता तथा सिफारिस प्रणालीहरु सम्बन्धमा दुई दिनको प्रशिक्षण पाएका थिए ।

यी लक्षित समूह छलफलमा निम्न प्रश्नहरूका उत्तर खोजिएका थिए :

प्रश्न १ : भूकम्पको परिणामपछिको अवस्थामा तत्काल बालबालिकाहरूले भोग्नु परिरहेका सबैभन्दा ठूला सवालहरु वा समस्याहरु के हुन् ?

प्रश्न २ : यिनीहरूले उनीहरु र उनीहरूका परिवारलाई कसरी प्रभाव पारिरहेका छन् ?

प्रश्न ३ : यी सवालहरु र समस्याहरूले अरु कसलाई र कसरी प्रभाव पारिरहेका छन् ?

प्रश्न ४ : यी समस्याहरूका संभावित समाधानहरु के हुन सक्छन् भन्ने उनीहरूलाई लागेको छ ?

प्रश्न ५ : यी समस्याहरु समाधान गर्न कस्ले मद्दत गर्ला भन्ने उनीहरूलाई लागेको छ ?

प्रश्न ६ : आपत्कालीन प्रतिक्रिया (Response) बारे बालबालिकाहरूका के कस्ता दृष्टिकोण छन् ?

प्रश्न ७ : भूकम्प, आपत्कालीन प्रतिक्रिया र उनीहरूलाई प्रभावित पार्ने सवालहरूबारे बालबालिकाहरूलाई के जानकारी छ ? उनीहरु कस्ता जानकारीहरु प्राप्त गर्न चाहन्छन् ? कसरी पाउन चाहन्छन् ?

प्रश्न ८ : अर्को भूकम्प आयो भने उनीहरु के फरक कुरा गर्नेछन् ?

भूकम्प पछि भएको विनाश र भविष्यमा देख्न चाहेको विकासका बारेमा बालबालिकाले कोरेका चित्रहरु ।

अध्ययनले समेटेको भौगोलिक क्षेत्र

लक्षित जिल्लाहरु नेपाल सरकारले दुईवटा भूकम्पहरूबाट अति प्रभावित जिल्ला भनी पहिचान गरेका जिल्ला नै थिए : भक्तपुर, दोलखा, धादिङ, गोर्खा, ललितपुर, काठमाण्डौ, काभ्रे, मकवानपुर, नुवाकोट, ओखलढुंगा, रामेछाप, रसुवा, सिन्धुली र सिन्धुपाल्चोक ।

यी जिल्लाभित्रका अध्ययन क्षेत्रहरु चाहिँ सहकर्मी निकायहरूको कार्यक्रमिक उपस्थिति रहेको वा बाल क्लब र बालबालिकाका अन्य सञ्जालहरूसित विद्यमान सम्पर्क/सम्बन्ध रहेको आधारमा निर्धारण गरिएका थिए । प्रत्येक जिल्लामा जिल्ला सदरमुकाम र दुईवटा गाउँ विकास समितिहरूमा परामर्श आयोजना गरिएका थिए । गाविसहरु उद्देश्यगत निदर्श विधि (Purposeful sampling) प्रयोग गरी "अति प्रभावित गाविस" र "उपेक्षित वा सीमान्तकृत समूहहरूको घना आवादी भएको गाविस" - विशेष गरी दलित वा आदिवासी (जनजाति) समूहहरु - का आधारमा छनौट गरिएका थिए ।



चित्र १ : प्रत्येक सहकर्मी निकायले बाल परामर्शका लागि छनौट गरेका जिल्लाहरु

सहभागिताका लागि बालबालिकाहरूको पहिचान

संभव भएसम्म विस्तृत तहका बालबालिकाहरूको सहभागिता सुनिश्चित गर्नका लागि व्यवस्थित संयोग (Systematic random) निदर्श विधि प्रयोग गरी बालबालिकाहरु छानिएका थिए ।

उमेर समूह	बालिका	बालक	जम्मा
८-१२ वर्ष	४६२	४७४	९३६
१३-१८ वर्ष	४५८	४४४	९०२
जम्मा	९२०	९१८	१,८३८

सहभागिमूलक विधिहरु

यस परामर्शमा चारवटा विधिहरु प्रयोग गरिएका थिए । सबै लक्षित समूहहरूमा अभिव्यक्तिमूलक चित्रांकन विधि उपयोग गरिएको थियो, अनि लेखाजोखा टोलीहरूले उमेर समूह र उपलब्ध श्रोत साधनहरूका आधारमा तथा बालबालिकाहरूको अवस्था र उत्साहको अवलोकन गरी अन्य विधिहरु छनौट गरेका थिए ।

अभिव्यक्तिमूलक चित्रांकन विधि (Expressive Drawing Tool) लाई भूकम्पको सन्दर्भमा (प्रश्न १ को उत्तरका लागि) बालबलिकाहरूलाई प्रभाव पार्ने मुख्य तीनवटा सवालहरु पहिचान गर्नका लागि उपयोग गरिएको थियो । पहिचान गरिएका तीनवटा मुख्य सवालहरूका आधारमा अभिव्यक्तिमूलक चित्रांकन र अन्य विधिहरु प्रयोग गरी (माथि उल्लिखित प्रश्न २ देखि ८ सम्मका उत्तरका लागि) विस्तृत छलफल सञ्चालन गरिएको थियो ।
यस परामर्शमा निम्न विधिहरु प्रयोग गरिएका थिए :

विधि १ – अभिव्यक्तिमूलक चित्रांकन : यो विधि प्रयोग गर्दा बालबालिकाहरूलाई प्रभाव पार्ने कुनै एउटा सवाल सम्बन्धमा चित्र बनाउन, लेख्न वा वयान गर्न लगाइएको थियो र अनि त्यो कुरा समूहमा छलफल गराइ तीनवटा मुख्य सवालहरु पहिचान गरिएको थियो । अनि यी र अन्य सवालहरूका बारेमा प्रश्नहरूलाई मार्गदर्शनका रूपमा लिएर छलफल सञ्चालन गरिएको थियो ।

विधि २ – एच-लेखाजोखा : यो विधि प्रयोग गरेर भूकम्पपछि बालबालिकाहरूले भोगेका नौला अनुभवहरु अभिव्यक्त गरी सकारात्मक र नकारात्मक अनुभवहरूका सम्बन्धमा थप छलफल चलाउन उनीहरूलाई सक्षम बनाउनका लागि चित्रांकन, लेखन वा मौखिक अभिव्यक्ति प्रयोग गरिएको थियो ।

विधि ३ – शरीर नक्शांकन : शरीर नक्शांकन विधिले बालबालिकाहरूलाई स्वतन्त्रतापूर्वक आपत्काल र प्रतिक्रिया सम्बन्धी उनीहरूका अनुभवहरु र भावनाहरु अन्वेषण र छलफल गर्ने अवसर प्रदान गरेको थियो । टाउको, कान, काँध/हात, मुटु, पेट, गोडा/पैताला भएको मानवकै आकारको चित्र बनाएर ज्ञान, सूचना, जिम्मेवारी, भावना/संवेग, स्वास्थ्य/संरक्षण, र गतिशीलता र खेलकुदका परिवर्तित ढाँचाहरूलाई प्रतिनिधित्व गराइएको थियो ।

विधि ४ – दृश्याङ्कन अभ्यास (Visoning Exercise) : दृश्याङ्कनले चित्राङ्कन, नाटक, छलफलमा आएका कुराहरूको लेखन आदिको प्रयोग गरी बालबालिकाहरूलाई आफ्नो र आफ्ना परिवार तथा समुदायको भविष्यबारे आफ्ना दृष्टिकोणहरु र विचारहरु अभिव्यक्त गर्न अनुकुल बनाइदिएको थियो ।

तथ्याङ्क विश्लेषण र संकलन

प्रत्येक लक्षित समूह छलफलको दौरानमा टिपोटहरु गरिएका थिए र प्रतिवेदनका ढाँचाहरूमा दैनिक रूपमा लेखेर राख्ने गरिएका थिए । तिनीहरु सेभ द चिल्ड्रनका परियोजना व्यवस्थापकलाई विश्लेषणका लागि पेश गरिएका थिए । प्रतिवेदन फारमहरु अंग्रेजीमा पेश गर्ने गरिएका थिए र आवश्यक पर्दा लेखाजोखा टोली (सहजकर्ता र अभिलेखनकर्ता) ले नेपालीबाट अंग्रेजीमा अनुवाद गरेका थिए ।

तथ्याङ्क विश्लेषण गर्दा मूल-विषयगत विषयवस्तु विश्लेषण (Thematic Content Analysis) विधि प्रयोग गरिएको थियो, जस्मा संकलित तथ्याङ्कलाई केलाएर मूल-विषयहरु निकाल्ने अनुमानात्मक (Inductive) तरिका अवलम्बन गरिएको थियो । लक्षित समूह छलफलमा आएका पटकहरु र सवालको गंभीरताका आधारमा नौला मूल-विषयहरु पहिचान गरिएका थिए । अनि सवालहरु कसरी परस्परमा सम्बन्धित हुन्छन् भनी ती मूल-विषयहरूको नक्शांकन गरिएका थिए । उपलब्ध भएका ठाउँहरूमा मूल-विषयहरूलाई टेवा दिनका लागि प्रत्यक्ष भनाईहरु संकलन गरी प्रयोग पनि गर्ने गरिएका थिए ।

विधिसम्बन्धी अझ विस्तृत विवरण र परामर्शका सबल पक्षहरु र सीमाहरूको सारांश अनुसूची २ मा दिइएको छ ।

अन्तरक्रियाको समयमा भविष्यको योजना सुनाउँदै बालिकाहरु ।
रूपा गौतम/सेभ द चिल्ड्रेन

खण्ड २ :
सरोकारका सवालहरू

अभिव्यक्तिमूलक चित्राङ्कन विधि प्रयोग गरेर भूकम्पहरु गएपछि बालबालिकाहरूले सामना गर्नु परिरहेका सरोकारका सवालहरु वा समस्याहरूलाई पहिचान गर्न लगाइएको थियो । तिनीहरूलाई स्तरीकरण (ranking) गरी अभिव्यक्तिमूलक चित्रांकन र अन्य विधिहरु प्रयोग गरेर थप छलफल चलाइएको थियो । यी सरोकारका विषयहरूको सम्बन्धमा उठेका सवालहरूलाई तल वयान गरिएको छ ।

१. घरहरूको ध्वंश

भूकम्पले भत्काएको आफ्नो घर देखाउँदै एक बालक ।
जोनाथन ह्याम्स/सेभ द चिल्ड्रेन

"हाम्रा घरहरु ध्वस्त भएका छन्"

भूकम्पले ७ लाख ६९ हजारभन्दा धेरै घरहरूलाई ध्वस्त पारेको वा हानि पुऱ्याएको अनुमान गरिएको तथ्यका आधारमा घर सबैभन्दा गंभीररूपमा प्रभावित भएको क्षेत्र बन्यो ।[८] यसको परिणामस्वरूप दसौं हजार मानिसहरु अस्थायी आश्रयहरूमा बसिरहेका छन् । घरहरूको पुनर्निर्माण गर्ने कार्य लामो प्रक्रियाबाट अघि बढ्ने हुन्छ र त्यस अवधिभरी धेरै बालबालिकाहरु र उनीहरूका परिवारहरु अस्थायी आश्रयहरूमा वर्षौंसम्म नभए पनि महीनौंसम्म बस्नु पर्ने हुन सक्छ । यो कुरा सबैका लागि चुनौतिपूर्ण हुने नै छ, अझ उच्च पर्वतीय र दुर्गम क्षेत्रहरूका बालबालिकाहरूका लागि वार्षिक मन्सुनी वर्षा र त्योसँगै आउने आँधीबेहेरी, तथा कठोर हिउँदले समृद्धि र सुस्वास्थ्यका क्षेत्रमा अरु जोखिम सिर्जना गरिदिन्छ ।

यस परिस्थितिलाई मध्यनजर राख्दा उनीहरूका घरहरु क्षति भएको कुरा अनुसन्धान सञ्चालन भएका सबै जिल्लाका सबै उमेर समूहका बालबालिकाको मुख्य चिन्ताको विषय बनेको आश्चर्यलाग्दो थिएन । आश्रय नै सबैभन्दा चासो

को विषय रहेको कुरा १६६ वटा लक्षित समूह छलफलमध्ये ९३ वटा (५६%) र १३९ मध्ये मुख्य तीन प्राथमिकताभित्रै (८४%) रहेको थियो ।

घरहरु नलडेका बालबालिकाहरूको सवालमा केही बालबालिकाहरूले घरभित्र पस्न डर लागेको कुरा बताए । लक्षित समूह छलफलहरूमा सहभागी भएका बालबालिकाहरूको ठूलो अनुपात पाल वा त्रिपालहरूमुनि वा केही ठाउँमा त गोठहरूमा वा खुल्ला चउरहरूमा बसिरहेका थिए । यस्ता अवस्थाका परिणामस्वरूप विविध समस्याहरु, चिन्ता र त्रास रहेको उनीहरूले बताएका थिए ।

"हामी पालमा सुतिरहेका छौं र राति त सुत्नै सक्दैनौं"

उनीहरूका अस्थायी आश्रयहरु असुविधाजनक भएको कुरा ७६ वटा लक्षित समूह छलफलहरूले बताएका थिए । उनीहरूले पाल र त्रिपालहरु दिउँसो अत्यन्त तातो हुने र राति कडा भूईँमा सुत्न कठिन हुने गरेको बताएका थिए । आठवटा लक्षित समूह छलफलहरूका बालबालिकाहरूले पालहरूभित्र लामखुट्टे र अन्य कीराहरु आउने र परिणामतः रोग ब्याधिहरु लाग्ने डर रहेको गुनासो पनि सुनाएका थिए .

"हामी पालमा बसिरहेका छौं, तर त्यो त धेरै चिसो र तातो हुन्छ, अनि त्यहाँ झिंगा र लामखुट्टेहरूको बिगबिगी छ ।"
काभ्रेकी ८-१२ उमेर समूहकी बालिका

अस्थायी आश्रयमा बसोबास गर्दै गरेका बालबालिकाहरूबीच साझा मूल-विषय चाहिँ असुरक्षाको भावना थियो । विशेष गरी साना बालबालिकाले जंगली जनावरहरूको डर रहेको कुरा बताएका थिए । कतिपयले त "चितुवाहरु" र "बाघहरु" बाट डर लागेको बताएका थिए, यद्यपि साँपले टोक्ने चाहिँ अझ बढी साझा विषय थियो । बालबालिकाहरूले आश्रयहरूमा चोरी हुने भईरहेको वा चोरहरूको डर रहेको पनि उल्लेख गरेका थिए । केही ठूला बालबालिकाहरूले त आफ्नो परिवारको सुरक्षा गर्न जिम्मेवारी उठाउनु पर्ने भावना उत्पन्न भएको कुरासमेत बताएका थिए।

"राति पनि म सुत्दिन, किनकि मेरो आमा र दिदी अरूसँग एउटै पालमा सुत्नुहुन्छ र मैले वहाँहरूको सुरक्षा गर्नका लागि चनाखो भएर बस्नु पर्छ ।"
दोलखाको १६ वर्षीय बालक

"भूकम्पले मेरो घर भत्काइदियो र हामी पालमा बसिरहेका छौं । हामी डराएकाले राति सुत्नै सक्दैनौं ।"
काभ्रेको ११ वर्षीय बालक

"त्रिपालमा बस्नु डरलाग्दो हुँदोरहेछ, मलाई त साँपले डस्छ की भन्ने डर लागिरहन्छ ।"
सिन्धुपाल्चोकको ८-१२ वर्ष समूहका बालक

"हामीलाई घर बाहिर सुत्न डर लाग्छ, कहिलेकाहीँ पानी पर्छ र प्रायः राति त हाम्रा पालहरु नजिक चितुवाहरु समेत आउँछन् ।"
गोर्खाको १३-१८ वर्ष समूहको बालक

"हामीसित कुनै व्यक्तिगत वा गोप्य ठाउँ छैन"

अत्याधिक भिडभाड र गोप्य ठाउँको अभाव हुने कुरा मुख्यगरी धेरैजसो ठूला बालबालिकाहरूले उठाएको प्रमुख सरोकारको विषय थियो । ठूलो परिवारले एउटै पालमा बस्नु पर्दा उनीहरु र उनीहरूको सामानहरूका लागि ठाउँ पुग्दैन भन्ने कुरा विशेषगरी बालिकाहरूले बताएका थिए । केहीले त अफ्ना बुबा र दाजुहरूसँग एउटै ठाउँमा सुत्नु पर्दा वा केही घटनाहरूमा त आफ्नो परिवारका सदस्यहरूभन्दा बाहिरका अरु मानिसहरूसित मिलेर बस्नु पर्दा अप्ठ्यारो लागेको बताएका थिए ।

"हाम्रो पाल बस्नका लागि सुविधाजनक छैन । हाम्रो परिवारमा सात सदस्य छौं र एउटै पालमा खाँदिएर बस्नु पर्दा सास फेर्नै गाह्रो हुन्छ ... यहाँ लामो समयसम्म बस्नु त चुनौतिपूर्ण हुन्छ ।"

रामेछापको १३-१८ वर्ष समूहकी बालिका

"मेरा आमा, बुबा, दाजु भाइ र दिदी बहिनीहरूसमेत अरु मानिसहरु एउटै पालमा बस्नुपरेको छ, र मलाई त साँच्ची नै अप्ठ्यारो लागिरहेको छ ।"

सिन्धुपाल्चोकको १३-१८ वर्ष समूहकी बालिका

आफ्नो लुगा फेर्न गोप्य ठाउँ कहीँ पनि नभएकोले गर्दा अप्ठ्यारो र दुखी भएको पनि किशोरीहरूले बताएका थए । भिडभाड भएको साझा ठाउँमा बस्नु परेकोले रजस्वलासम्बन्धी सरसफाई गर्न गाह्रो भएको कुरा पनि यससमूहका बालिकाहरूको मुख्य चासोको विषय थियो । बजारहरु बन्द भएकोले सरसफाइसम्बन्धी प्याडहरु वा त्यस्को सट्टामा सुतीको लुगा प्रयोग गर्नका लागि किन्न पनि कठिन भएको उनीहरूले बताएका थिए । बालिकाहरूलाई प्याडहरु फेर्न लाजमर्दो भएको र धोइपखाली गर्ने त कहीँ पनि ठाउँ नभएको उल्लेख गरेका थिए । नेपालमा धेरै समुदायहरूमा रजस्वला भएको बेला महिलाहरु र बालिकाहरूलाई छुट्टै बस्नु पर्ने र खाना बनाउन पनि नमिल्ने चलन हुनाले अस्थायी आश्रयहरूमा गोप्य र पर्याप्त ठाउँको अभावले बालिकाहरूलाई साह्रै कठिन भएको पहिचान भएको थियो ।

"मेरो पूरै परिवार एउटै त्रिपालमा सुत्नुपरेको छ । बालिका भएकोले हामीलाई लुगा फेर्न साँच्चै अप्ठ्यारो भएको छ । विशेषगरी रजस्वला हुँदा त त्रिपालभित्र लुगा फेर्नु र खुल्ला ठाउँमा धोइपखाली गर्नु त साँच्चै लाजमर्नु भएको छ ।"

मकवानपुरको १३-१८ वर्ष समूहकी बालिका

"हाम्रो समुदायमा रजस्वला भएको बेला बालिकाहरूलाई अछुत मानिने हुनाले हामीले कसैलाई, खासगरी परिवारका पुरुष सदस्यहरूलाई छुन पनि हुँदैन । अतः त्यसबेला हामीले अलग्गै सुत्नु पर्ने हुन्छ र यस्तो त्रासको अवस्थामा पनि हामीले त्यस्तै गर्नु परिरहेको छ ।"

रामेछापको १३-१८ वर्ष समूहकी बालिका

"हाम्रा आश्रयहरु आँधीबेहरीहरु धान्न सक्दैनन्"

भूकम्प गएको हप्तौंपछिसम्म ठूलो झरी परिरहेको र आँधीबेहरीहरु चलिरहेकोले गर्दा अस्थायी आश्रयहरूमा बसिरहेका बालबालिकाहरूलाई चुनौतीहरु थपिएका छन् । मनसुन नजिक आइरहेको छ र जुलाईदेखि सेप्टेम्बरका महीनाहरूभरि रहिरहन्छ । भूकम्पहरु जाने बित्तिकै चाँडोभन्दा चाँडो न्यूनतम् तहको आश्रय उपलब्ध गराउनका लागि टेन्ट र त्रिपालहरु वितरण गरिएका थिए । तर हावापानी बद्लिरहेको अवस्थामा प्राकृतिक तत्वहरूबाट बालबालिका र अन्य मानिसहरूलाई संरक्षण गर्न वा लामो समयका लागि बसोबास गर्ने उपयुक्त अवस्था उपलब्ध गराउन अपर्याप्त थियो । विशेषगरी जलवायु धेरै विषम भएका पहाडी र हिमाली जिल्लाका बालबालिकाहरूले के बताए भने उनीहरूका पाल र अन्य आश्रयहरु पानीबाट ओताउन नसक्ने भएकोले पानी पर्दा उनीहरूका सरसामानहरु भिजेका थिए । प्रायः सबै जिल्लाका आधाभन्दा धेरै संख्याका लक्षित समूह छलफलहरूमा आश्रयहरूको दिगोपनको सवाल ठूलो चिन्ताको विषय बनेको थियो ।

आँधीबेहरीहरूले पालहरूलाई कसरी उडाएर लगे भनी बालबालिकाहरूले बताएका थिए । हावाहुरीले नउडाओस् भनेर कहिले त रातभरि झिमिक्क नगरी त्रिपालहरु समातेर समेत बस्नु परेको कुरा धेरै बालक र बालिकाहरूले बताएका थिए । उनीहरूका आश्रयहरु पहिरोले पुर्छ वा लडिरहेका रूखहरूले किच्छ भन्ने डरको त्रासदी रहेको अरु बालबालिकाहरूले बताएका थिए । पाँचवटा लक्षित समूह छलफलका ठूला बालबालिकाहरूले मन्सुनको मौसम बिग्रीरहेको जलवायुको परिणामस्वरूप आश्रयमा पर्ने असरसम्बन्धी विशेष चासो देखाएका थिए ।

"मेरो घर भत्किएकै त थिएन तर जतासुकै चर्किएको थियो । त्यो चर्किएको घरभित्र बस्नु मलाई डर लाग्छ भने बाहिर सुत्न पनि डराउँछु । पानी पर्दा वा हावा हुरी चल्दा पाल चुहिएर वा उडाएर हामीलाई असहाय बनाइदिन्छ र यस्तो देख्दा मलाई असाध्यै दुःख लाग्छ ।"

सिन्धुपाल्चोककी १७ वर्षीय बालिका

"ठूलो झरी परेपछि हाम्रो पाल चुहिन थाल्दा म रिसले चुर हुन्छु र पानीसँगै हावाहुरी पनि चल्यो भने त झन् खप्नै नसकिने हुन्छ ।"

रामेछापकी १३-१८ वर्षीय बालिका

"ठूलो हावाहुरी चलेको बेला हाम्रो आश्रय धेरै जोखिममा पर्छ । त्रिपालहरूलाई उडाएर नलगोस् भनी समातिराख्नका लागि हामी रातभरि जागै बस्न बाध्य हुन्छौं ।"

नुवाकोटको ८-१२ वर्ष समूहको बालक

"हाम्रो नयाँ घर कहिले बन्छ भन्ने हामीलाई थाहा छैन"

लक्षित समूह छलफलहरूमध्ये पाँच भागको एक भागभन्दा धेरैका बालबालिकाहरूले कति लामो सयमसम्म पाल वा अस्थायी आश्रयहरूमा बस्नु पर्ने हो भन्ने चिन्ता व्यक्त गरेका थिए । आफ्नो परिवारले नयाँ घर बनाउने खर्च कसरी जुटाउन सक्ला भन्ने कुराले ठूला बालबालिकाहरु विशेष रूपले चिन्तित थिए । केहीले त अस्थायी आश्रयका लागि समेत जमीन भाडामा लिनु परेको कुरा बताएका थिए ।

शहरी क्षेत्रमा आयोजित ६ वटा लक्षित समूह छलफलका सहभागी बालबालिकाहरु, जो भाडाका घरहरुमा बस्दै आएका थिए तर जसलाई भूकम्पले चर्काइदिएका वा भत्काइदिएका थिए, ले सरकारबाट आश्रयका लागि राहतको पैसा वा अन्य सहयोग पाउन नसक्ने पो हो कि भनी पीर मानिरहेका थिए ।

वैशाख १२ को भूकम्पका कारण पुरै भत्किएको गोरखाको एक विद्यालय ।

देवेन्द्र टक/सेभ द चिल्ड्रेन

"मेरा बुबा आमाले ऋण लिएर बनाएको घर ऋण चुक्ता गर्नु अगाडि नै ध्वस्त भएको छ ।"
सिन्धुपाल्चोककी १२ वर्षीय बालिका

"हामी सँधै यसरी नै बस्ने हौं त ? कसले हाम्रो लागि राम्रो घर बनाइदिन्छ ?"
सिन्धुलीकी १२ वर्षीय बालिका

२. विद्यालयहरुको विध्वंश

"हामी विद्यालय फर्किन सक्दैनौं"

विक्रम संबत् २०७२ वैशाख १२ गते (२५ अप्रिल २०१५) का दिन पहिलो भूकम्प गएपछि प्रभावित जिल्लाहरुका विद्यालयहरु तत्कालै बन्द गरिएका थिए । सरकारी अनुमानअनुसार झण्डै ७ हजार विद्यालयहरु पूर्ण वा उल्लेखनीयरुपमा ध्वस्त भएका छन्[९] जसबाट झण्डै १५ लाख ८९ हजार बालबालिकाहरु प्रभावित बन्न पुगेका छन् ।[१०] बाँकी बचेका विद्यालयका भवनहरुको संरचनात्मक लेखाजोखा तुरुन्तै सुरू गरिएको थियो । त्यसैले २०७२ जेठ १७ गते (३१ मे) का दिन आधिकारिक रुपमा विद्यालयहरु पुनः खुल्दा धेरै बालबालिकाहरुले आफ्नो औपचारिक शिक्षा पुनः चालु गर्न सके । तर, ध्वस्त भएका वा संरचनात्मक हिसाबले असुरक्षित भएको भनी मूल्यांकन गरिएका विद्यालयहरुको संख्याको आधारमा लाखौं बालबालिकाहरुलाई फर्किनका लागि विद्यालय नै थिएनन् ।[११]

बालबालिकाहरूका लागि शिक्षा दोस्रो प्राथमिकतामा परेको थियो । कुल १६६ मध्ये ५९ (३६%) लक्षित समूह छलफलहरूमा यसले पहिलो प्राथमिकता पाएको थियो भने १२९ (७८%) मा मुख्य तीनवटा प्राथमिकतामा परेको थियो । विद्यालय भवनहरू ध्वस्त भएको वा क्षतिग्रस्त भएकोले विद्यालय जान नसक्ने भएको कुरा धेरै बालबालिकाहरूले बताएका थिए ।

आफ्नो पढाइलेखाइ कहिले पुनः चालु राख्न पाउने हो भन्ने चिन्ता स्वरूप अफ्नो विद्यालयमा पुगेको हानिसम्बन्धी दुःखको भाव व्यापक रूपमा अभिव्यक्त भएका थिए । कतिपयले उनीहरूका शिक्षकहरू अनुपस्थित रहेको चर्चा गरे भने केहीले त उनीहरूको शिक्षकको भूकम्पमा मृत्यु भइसकेको बताएका थिए । केही (सातवटा) लक्षित समूह छलफलका सहभागी बालबालिकाहरूले विद्यालय जान नपाएकोले दिक्क लागिरहेको तथा विद्यालयका साथीसँगीहरू र शिक्षकहरू नभेटेकोले खिन्न लागिरहेको समेत बताएका थिए ।

"म पहिला भैं विद्यालय जान चाहन्छु ।"
गोर्खाकी १२ वर्षीय बालिका

"हाम्रा शिक्षकहरूले हामीलाई पढाउने व्यवस्था कसरी मिलाउनु होला भन्ने म जान्दिनँ । हामीसित हाम्रो पढाई पुनः चालु गर्न अस्थायी कक्षा कोठाहरू पनि त छैनन् नि ।"
रामेछापको ८-१२ वर्ष समूहकी बालिका

"हाम्रो विद्यालय बन्द भएकोले मिलाई दिक्दार लागिरहेको छ र विद्यालयका साथी नभेटेकोले खिन्न पनि लागिरहेको छ ।"
काठमाण्डौकी ८ वर्षीय बालिका

अफ्नो पढाइमा पछि परिरहेको र परीक्षाहरू दिने बेलासम्म यो खेर गएको समय भरपूर गर्न नसक्ने कुराले ठूला बालबालिकाहरू विशेषगरी चिन्तित थिए । पहिलो भूकम्प जाँदा चलिरहेका कक्षा ११ र १२ का राष्ट्रिय स्तरका परीक्षाहरू स्थगित गरिएका थिए । त्यो परीक्षा दिन पर्खेर बसेका केही बालबालिकाहरूले उक्त परीक्षा दिने मौका कहिले पाउने हो र सफल हुने हो कि होइन भनी चिन्ता व्यक्त गरेका थिए ।[१२] कतिपयले त अगाडि सिकेका कुरा बिर्सिसकेको चिन्ता व्यक्त गरे भने केहीले अब "मूर्ख" पो बन्ने हो की भनी पीर लागेको कुरा बताएका थिए ।

"हामीले निकट आइरहेको परीक्षाका लागि धेरै मेहेनतले तयारी गरेर परीक्षा दिन तम्तयार थियौं । तर भूकम्पले हाम्रो मानसिक अवस्था पूरै खल्बल्याइदिएकोले हामीले सिकेका सबै कुरा बिर्सिसकेका छौं ।"
दोलखाको १३-१८ वर्षीय बालिका

"हामी अहिले विद्यालय गइरहेका नै छैनौं । अब कहाँ पढ्ने हो भन्ने मलाई थाहा छैन ।"
दोलखाको १३-१८ वर्षीय बालक

कक्षाका दैनिक कार्यतालिकाअनुसार काम गर्नाले र साथीसँगीहरू भेट्न पाउनाले उपचारात्मक कार्य गरेको कुरा २०७२ जेठ १७ गते (३१ मे) का दिन विद्यालय फर्किएका कतिपय बालबालिकाहरूले बताएका थिए । धेरै बालबालिकाहरूले विद्यालयमा फर्किन चाहेको कुरा जनाएका भए पनि उल्लेख्य संख्याका (३० वटा) लक्षित समूह छलफलका साना उमेरका बालबालिकाहरू विद्यालय जानु नपरेको र साथीसँगीहरूसँग भेट्न र खेल्न धेरै समय पाएकोमा खुशी भएको कुरा बताएका थिए ।

"विद्यालयमा फर्किन पाउँदा हामीलाई खुशी लागेको छ किनकि हामीले साथीसँगीहरूलाई भेटेर कुराकानी र नाचगान गर्दा भूकम्पका डर र त्रासहरु अस्थायी रूपमा भए पनि बिर्सिन पाएका छौं । भत्किएका भग्नावशेषहरु चाँडै हटाइनेछ भन्ने आशा राखेका छौं ।"

सिन्धुलीकी १३-१८ वर्षीय बालिका

"मैले साथीहरूसित मिलेर रमाइलो गर्दै वनमा बयर टिपी खान पाएकोले म खुशी छु ।"

सिन्धुपाल्चोकको १६ वर्षीय बालक

"हामीलाई विद्यालय फर्किएर जान डर लागेको छ"

लक्षित समूह छलफलको एक चौथाई बालबालिकाहरु (दुवै उमेर समूहका बालक र बालिकाहरु) ले विद्यालयमा फर्किन डर लागेको अभिव्यक्त गरेका थिए । धेरै जनाले अर्को भूकम्प आउने भयको कारण बताएका भए पनि केही लक्षित समूह छलफलका सहभागी बालबालिकाहरूले चाहिँ विद्यालय जाने बाटोमा असुरक्षित संरचनाहरु भएका र भत्किएको भवनका ईंटा र ढुंगाहरु बाटोभरि छरिएको तथा पहिरो पनि गइरहेको हुनाले सुरक्षित नभएको बताएका थिए । कतिपय लक्षित समूह छलफलका बालबालिकाहरूले त भूकम्पपछि उनीहरूका आमा बुबाहरूले उनीहरु वा उनीहरूका भाइ बहिनीहरूलाई विद्यालय पठाउन डराएको कुरा बताएका थिए ।

"मलाई विद्यालय जाने मनै छैन किनभने विद्यालयका भवनहरु पूर्णतया भत्किएका छन् र एकदमै डरलाग्दो देखिन्छ ।"

रामेछापकी ८-१२ वर्षीय बालिका

"कहिलेकाहीँ विद्यालय जान मलाई डर लाग्छ । हामी विद्यालय जाँदै गर्दा बाटोमै भूकम्प गयो भने नि ।"

सिन्धुलीकी ८-१२ वर्षीय बालिका

"भूकम्पका पराकम्पनहरु गइरहन्छ कि भनी मलाई विद्यालय जान डर लाग्छ ।"

गोर्खाको ८-१२ वर्षीय बालक

"मलाई विद्यालय जान मन त छ तर मेरा आमा बुबाले जान दिनु हुँदैन । म विद्यालयमा सुरक्षित हुँदिन भनेर वहाँहरु डराउनुभएको छ ।"

भक्तपुर नगरपालिकाको १३-१८ वर्षीय बालिका

"हाम्रा विद्यालयका सामग्रीहरु ध्वस्त भएका छन्"

लगभग सबै जिल्लाका बालबालिकाहरूले उठाएको एउटै विषय चाहिँ उनीहरूका भत्किएका घरका धुलोमूलोमा विद्यालयको युनिफर्म, ब्याग, कापी र अन्य शैक्षिक सामग्रीहरु पुरिएका छन् भन्ने थियो । सबै पसलहरु र बजारहरु बन्द भएको हुनाले यी कुराहरु कहाँ किन्न पाइन्छन् भन्ने चासो प्रायः बालबालिकाहरूले उठाएका थिए र केहीले त आफ्नो आमा बुबाले ती सामानहरु किन्ने खर्च कसरी व्यहोर्न सक्छन् भनी चिन्तित भएको कुरा पनि बताएका थिए ।

लक्षित समूह छलफलहरूका सहभागी बालबालिकाहरूमा फेरि अध्ययन गर्न संभव बनाउनका लागि सरकारले उनीहरूलाई निःशुल्क शैक्षिक सामग्रीहरु उपलब्ध गराउनु पर्छ भन्ने गहिरो भाव रहेको पाइयो । रसुवा जिल्लाका बालिकाहरु र नुवाकोट जिल्लाका बालकहरूले विशेषगरी विद्यालयका कम्प्युटरहरु र पुस्तकालयहरु ध्वस्त भएकाले उनीहरूलाई सिकाइका उपयुक्त साधनहरूरहित बनाइदिएको बताए ।

"हामीलाई अरु केही पनि चाहिँदैन । हामीलाई फगत किताबहरु, कापीहरु र स्कुलको ब्याग मात्र आवश्यक छन् ।"
ओखलढुंगाकी ८-१२ वर्षीय बालिका

"मेरा गाईवस्तुहरु जिउँदै भएमा तिनीहरूलाई बेचेर किताबहरु किन्न सक्नेछु ।"
नुवाकोटको १३-१८ वर्षीय बालक

"हामीलाई पढ्न कठिन भइरहेको छ"

यो अध्ययनको परामर्श सुरु भएको दोस्रो हप्ताभित्र विद्यालयहरु खुलेकाले पछिका केही परामर्शहरु हुँदा केही बालबालिकाहरु विद्यालयमा फर्किए । सामान्यतः कक्षामा उपस्थित भइरहेका बालबालिकाहरु शिक्षा पुनः चालु गर्न सकेकोमा सकारात्मक थिए भने केहीले चाहिँ त्रिपाल, क्यान्भास वा अस्थायी संरचनाहरूभित्र बसेर पढ्न कठिन भएको बताएका थिए । अस्थायी सिकाइ केन्द्र (टि.एल.सि.) हरूमा बालबालिकाहरूको ठूलो संख्या हुने र विभिन्न कक्षाहरूलाई एकै ठाउँमा मिसाउने कुरालाई विशेष समस्याका रूपमा उनीहरूले उठाएका थिए । चारवटा जिल्ला धादिङ, दोलखा, ओखलढुंगा र सिन्धुलीको ठूला बालिकाहरूले उनीहरूले संरचनात्मक हिसाबले असुरक्षित रातो स्टिकर लगाइएका विद्यालयहरूमा अध्ययन गर्नु पर्ने अवस्था भएको सरोकारसमेत व्यक्त गरेका थिए ।[१३]

केही बालबालिकाहरूले अध्ययनमा ध्यान केन्द्रित गर्न कठिनाई भइरहेको र आफ्नो भविष्यका लागि यसको अर्थ के हुन्छ भनी डराइरहेको कुरा बताए । कतिपय चुनौतीहरु व्यवहारिक थिए । उदाहरणका लागि, उनीहरूका अस्थायी घरहरूमा ठाउँ र विद्युतको अभाव भएकोले गृहकार्य गर्न उनीहरूलाई कठिनाई भइरहेको थियो ।

"म धेरै राम्रो विद्यार्थी थिएँ तर अहिले भूकम्पका कारणले मैले ध्यान केन्द्रित गर्न सकेको छैन ।"
रामेछापकी १३-१८ वर्षीय बालिका

"अस्थायी आश्रयमा बस्दा घरमा बसेको जस्तो त हुँदै हुँदैन, हामी अध्ययन गर्न सक्दैनौं र त्यहाँ त सुरक्षा पनि छैन ।" रामेछापको ८-१२ वर्षीय बालक

अरु कतिपयले ध्यान केन्द्रित गर्ने संघर्ष गरिरहेका वा पढ्ने उत्प्रेरणा नै हराइसकेको बताए । केही लक्षित समूह छलफलहरु (१३-१८ उमेरका बालिकाहरूसितका ३ वटा र बालकहरूसितको १ वटा) का सहभागी बालबालिकाहरूले के बताए भने थप घरायसी काम धन्दाहरु गर्नु पर्दा उनीहरूको विद्यालयका अध्ययन कार्यका लागि कम समय हुनु नै हो । भूकम्प गएपछिदेखि घरायसी र अन्य काम धन्दाहरूको बोझ बढेको हुनाले विद्यालय फर्किन नसक्ने संभावना रहेको चिन्ता रसुवा र रामेछाप जिल्लाका बालिकाहरूले व्यक्त गरे । केही बालबालिकाहरूले चाहिँ आमा बुबाहरूले उनीहरूलाई विद्यालयमा फर्काएर पठाउन खर्चले धान्न सक्छन् कि सक्दैनन् भनी पीर परेको कुरा पनि बताए ।

"अध्ययनमा उत्कृष्ट बन्ने हाम्रा सबै सपना र चाहनाहरु चकनाचूर भएका छन् । अहिले त मलाई लेख पढ गर्ने कुनै इच्छा नै छैन किनकि मेरो परिवारमा धेरै समस्याहरु छन् र संकटको यस घडीमा मेरो अध्ययनलाई निरन्तरता दिने सामर्थ्य नै छैन ।"

रामेछापकी १३-१८ वर्षीय बालिका

३. स्वास्थ्य स्याहार र सरसफाइमा पहुँचको अभाव

बालबालिकाहरूले सरसफाइ र स्वास्थ्यलाई तेस्रो प्राथकिताक्रममा राखेका थिए । कुल १६६ लक्षित समूह छलफलमध्ये ७ वटामा यसले पहिलो प्राथमिकता (४%) पाएको थियो भने ९३ वटा (५६%) मा यसले उच्च तीन प्राथमिकताभित्र स्थान ओगटेको थियो ।

"हामीसँग सुरक्षित पिउने पानी छैन"

भूकम्पले पिउने पानीको आपूर्ति व्यवस्थालाई अति नराम्ररी प्रभावित पाऱ्यो, जसबाट ११ लाख मानिसहरूले सुरक्षित पिउने पानी र चर्पीमा पहुँच गुमाउन बाध्य भए ।[१४] मन्सुनको मौसम सुरू भएपछि बाढीको संभावना हुन्छ, जसको कारणले जीवन अवस्थाहरूमा ह्रास आउन सक्ने संभावना बढ्नेछ तथा पिउने पानी वितरण प्रणालीलाई अरु हानि पुग्न सक्नेछ ।

बालबालिकाहरूको उल्लेख्य चासोको विषय सुरक्षित पिउने पानीमा पहुँच (५० वटा लक्षित समूह छलफलमा चर्चित) पनि थियो । विशेषगरी १४ मध्ये १२ वटा जिल्लामा यसको चासो अत्याधिक रहेको थियो, जहाँ पिउने पानी प्रदुषित भएको र असुरक्षित पानी पिउन बाध्य भएको कुरा बालबालिकाहरूले बताएका थिए ।[१५] बालबालिकाहरूले नुवाइधुवाइ गर्नका लागि पर्याप्त पानी पनि नभएको र सार्वजनिक रूपमा नै नुहाउनु परेकोले दुखी भएको समेत बताएका थिए ।

"पिउने पानीको श्रोत माटो र ढुंगा मिसिएर खराब बनेको छ । त्यही पानी पिउनु पर्ने बाध्यता हुनाले गर्दा हामीलाई झाडापखाला लाग्न सक्ने डर भएको छ ।"

नुवाकोटको १३-१८ वर्षीय बालक

"हामीलाई बाहिर खुल्ला ठाउँमा नुहाउँदा धेरै असहज लागिरहेको छ किनकि नुहाइधुवाइ गर्ने बन्द स्थान छैन र केटाहरूले हामीलाई क्वारक्वार्ती हेर्ने पनि गर्छन् ।"

रामेछापकी १३-१८ वर्षीय बालिका

"चर्पीहरु ध्वस्त भएका छन्"

हालैका वर्षहरूमा सरकारको नेतृत्वमा चलेको एउटा सफल अभियान "खुल्ला दिसामुक्त क्षेत्र" अन्तर्गत् समुदायहरु र निजी घरहरूमा चर्पी बनाउने काम तीब्र गतिमा बढेको थियो, जसको परिणामस्वरूप भूकम्पप्रभावित लगायतका धेरै गाविसहरु खुल्ला दिसाबाट उल्लेखनीय रूपमा पर हटेर "खुल्ला दिसामुक्त" घोषित भएका थिए । तर भूकम्पले यस्ता धेरै चर्पीहरु भत्काइदिएको छ ।

भूकम्पका कारण घर भत्किएकाले धेरै बालबालिका अझै पनि अस्थायी घरमा बस्न बाध्य छन् ।

राजन जभेरी/सेभ द चिल्ड्रेन

चर्पीमा पहुँच नभएको कुरा सबै १४ जिल्लाहरूलाई प्रतिनिधित्व गर्ने २० वटा लक्षित समूह छलफलका सहभागी बालबालिकाहरूले बताएका थिए । यो सवाल दोलखा, गोर्खा, काभ्रे, नुवाकोट, ओखलढुंगा, रामेछाप र सिन्धुपाल्चोक जिल्लामा विशेषगरी चर्चा भएको थियो ।

"हाम्रो चर्पी ध्वस्त भएको छ । खुल्ला ठाउँमा दिसा पिसाब गर्न मलाई अत्यन्तै लाज र डर लाग्छ ।"
गोर्खाकी ८-१२ वर्षीय बालिका

"हामी खुल्ला ठाउँमा दिसा पिसाब गर्न बाध्य भएका छौं किनकि अधिकांश चर्पीहरु ध्वस्त भएका छन् र बाँकी रहेकाहरु पनि प्रयोग गर्नका लागि सुरक्षित छैनन् ।"
नुवाकोटको १३-१८ वर्षीय बालक

"हामी बिरामी भइरहेका छौं"

खुल्ला दिसा र सुरक्षित पिउने पानीमा पहुँचको अभावका कारणले स्वास्थ्यसम्बन्धी संभावित जोखिम सम्बन्धमा व्यापक सचेतना र चिन्ता विद्यमान थियो । यो सवाल ठूला र साना दुवै समूहका ४५ वटा लक्षित समूह छलफलका बालक र बालिकाहरूले उठाएका थिए । केही बालबालिकाहरूले भत्केका संरचनाहरूमुनि अझै दबेर रहेका र भूकम्पमा मारिएका तर अझ सुरक्षित रूपमा व्यवस्था नगरी सढेर गन्हाइरहेका मृत जनावरहरूका बारेमा सरोकार अभिव्यक्त गरेका थिए । अति भिडभाडयुक्त र अस्वस्थकर बसोबासको अवस्थाका कारणले लाग्न सक्ने झाडापखाला र जल उत्पन्न अन्य रोगब्याधिहरु लगायत रूघा, खोकी र अन्य बिमारीहरु फैलिन सक्ने डरका बारेमा पनि उनीहरूले बताएका थिए ।

"मानिसहरु खुल्ला ठाउँमा दिसा पिसाब गरिरहेका छन् र कुनै न कुनै ब्याधि तुरुन्तै फैलिन सक्छ भन्ने म ठोकुवा गरेर नै भन्नसक्छु ।"
रामेछापकी ८-१२ वर्षीय बालिका

अपर्याप्त सरसफाइ र अस्वच्छ पिउने पानीबाट उत्पन्न हुने स्वास्थ्यका जोखिमका बारेमा पाइएको उच्चस्तरको सचेतना सह्रानीय छ जसले यस्ता सेवाहरु चाँडोभन्दा चाँडो पुनर्स्थापना गर्ने कुराको महत्व स्पष्ट पारेका छन् । दस जिल्लाका बालबालिकाहरूका अनुसार उनीहरु र उनीहरूका परिवारहरु तथा समुदायहरूका बीचमा स्वास्थ्य समस्याहरु अहिले नै बढिरहेका छन् । केही बालबालिकाले झाडापखाला, बान्ता र पेटका अन्य समस्याहरूका बारेमा बताए, जसका लागि नियमित खानामा परिवर्तन हुनु, बासी वा राम्ररी नपकाएको खाना खानु, उद्धार खाद्य प्याकेजहरूमा भएका नौला खाना खानु, सुरक्षित पिउने पानीको अभाव हुनु तथा जीवन स्तर असामान्य हुनु नै कारकहरु भएको कुरा उनीहरूले बताए ।

"भूकम्पपछि हाम्रा सबैजसो गाउँहरु झाडापखाला, टाउको दुख्ने र रिगटा लाग्ने रोगहरूले मानिस पीडित बनेका छन् ।"
रामेछापकी १३-१८ वर्षीय बालिका

"भूकम्पपछि केही बालबालिकाहरु ... मरे र केही पेट दुख्ने र अरु रोगहरूबाट पीडित भएका छन् भने केही त भोकले आक्रान्तसमेत भएका छन् ।"
काभ्रेको १२ वर्षीय बालक

"मेरो भाइ त सँधै बिमारी भइरहेको छ । शायद हामी घर बाहिर सुतिरहेकोले पो हो कि ?"
गोर्खाकी १३-१८ वर्षीय बालिका

"स्वास्थ्य सेवामा हाम्रो पहुँच छैन"

भूकम्प जानुभन्दा पहिला नेपालको स्वास्थ्य सेवा असमान नै थियो । यस क्षेत्रमा निकै प्रगति हुनुका बावजुद शहरी र ग्रामीण जिल्लाहरूमा प्राप्त सेवाका गुणस्तरमा उल्लेखनीय फरकहरु विद्यमान थिए । भूकम्पहरूले १ हजारभन्दा बढी प्राथमिक स्वास्थ्य केन्द्र र स्वास्थ्य चौकीहरु लगायत स्वास्थ्य संस्थाहरूमा हानि पुऱ्याएर यो अवस्थालाई झन् चर्को बनाइदिएर धेरै समुदायहरूलाई स्वास्थ्य सेवामा पहुँच रहित तुल्याइदिएको छ ।[१६]

आफ्नो गाउँमा स्वास्थ्य सेवा, औषधि र विज्ञहरूमा अपर्याप्त पहुँच हुनुको अर्थ कहिलेकाहीँ उनीहरूले सहायताका लागि टाढासम्म धाउनु पर्ने कुरामा चासो व्यक्त गरेका थिए । तापनि कतिपयले भने घुम्ती चिकित्सा टोलीहरु उनीहरूका गाउँहरूमा आएका र निःशुल्क स्वास्थ्य परीक्षण गरेकाले खुशी भएको कुरा पनि बताएका थिए । केहीले त त्यस्ता क्लिनिकहरु स्थायीरूपमा बनाइनु पर्ने र भूकम्प जानु अघिको भन्दा उन्नत गुणस्तरको स्वास्थ्य सेवा हुनु पर्ने चाहना व्यक्त गरेका थिए ।

"अस्पताल ध्वस्त भएकोले गर्दा हामीकहाँ त कुनै स्वास्थ्य संस्था नै छैन ।"
नुवाकोटको १३-१८ वर्षीय बालक

"हामीकहाँ घुम्ती डाक्टरहरु र स्वास्थ्यकर्मीहरु भएका स्थायी स्वास्थ्य शिविरहरु चाहन्छौं ।"
रामेछापकी १३-१८ वर्षीय बालिका

खण्ड ३: भूकम्पले बालबालिकाहरूको समुन्नति, भूमिका, संरक्षण र भविष्यमा पारेको प्रभाव

भूकम्प पछि आफ्नो गाँउमा भएको विनाश देखाउन चित्र कोर्दै एक बालक ।

बालबालिकाहरूका लागि आश्रय, शिक्षा, स्वास्थ्य र सरसफाइ प्राथमिक सरोकारका विषयहरूका रूपमा अगाडि आए भने एच-लेखाजोखा, अभिव्यक्तिमूलक चित्रांकन र शरीर नक्शांकन अभ्यासहरूमा भूकम्पहरूका व्यापक प्रभावहरु सम्बन्धमा पनि छलफल गरिएका थिए । ती अभ्यासहरूमा सहभागी बालबालिकाहरूले वयान गरेका मुख्य कुराहरु निम्न थिए :

- परिवारका सदस्यहरु, साथीहरु र परिचित मानिसहरूको मृत्युको दुःख र पीर (५६ वटा लक्षित समूह छलफलमा आएको);
- भूकम्पले पुऱ्याएको क्षति र ध्वंशको प्रभाव स्वरूप उत्पन्न हानि, त्रास र अन्य मनोसामाजिक प्रभावहरु (सबै लक्षित समूह छलफलमा आएको);
- घरायसी र अन्य कामधन्दाहरूको बोझ थपिएको (९६ वटा लक्षित समूह छलफलमा आएको)
- पर्याप्त खाना नभएको सम्बन्धी सरोकार (५८ वटा लक्षित समूह छलफलमा आएको)
- दुर्व्यवहार र शोषणका जोखिमहरु बढेको सम्बन्धमा चासो (२५ वटा लक्षित समूह छलफलमा आएको)

यी प्रत्येक सवालहरूलाई तल व्याख्या गरिएको छ । तापनि, कठिनाइहरु र त्रासहरूका बावजुद धेरै बालबालिकाहरूले (६८ वटा लक्षित समूह छलफलका) परिवार र समुदायको एकतालाई बढाउन भूकम्पले सकारात्मक प्रभाव पारेको बारेमा पनि कुरा उठाएका थिए । सबैजना एउटै विपत्तिबाट पीडित भइरहेकोले पारिवारिक झगडाहरु टुंगिएका र आफ्नोपन र समुदायमा समानताको भाव बढेका उदाहरणहरु प्रस्तुत भएका थिए । बसोवासका अवस्थाहरूसम्बन्धी प्रचुर सरोकारका सवालहरु बालबालिकाहरूले उठाएका भए पनि नयाँ साथीहरु बनाउन पाएका र उल्लेख्य संख्याका (४३ वटा) लक्षित समूह छलफलका सहभागी बालबालिका (मुख्यगरी बालकहरु) ले अरु मानिसहरूसँग पालमा बस्दा रमाइलो भएको पनि बताएका थिए ।

"भूकम्पले शत्रुता नै समाप्त पारिदियो ... त्यसको ठाउँ प्रेम र स्नेहले लिएको छ ।"
भीमेश्वर, दोलखाकी १३-१८ वर्षीय बालिका

"भूकम्पपछि मेरी आमा र सीताकी आमाले त आपसमा बोलचाल गर्न पो थाल्नुभयो । मलाई खुशी लागेको छ ।"
सिन्धुलीकी १३-१८ वर्षीय बालिका

"सडकमा बसोवास गरिरहेका सर्वसाधारण मानिसहरु र करोडपतिहरु सबै अहिले त एउटै पालमा छन् ।"
रामेछापको १३-१८ वर्षीय बालक

१. मृत्युको सामना

परामर्शमा सहभागी भएका धेरै बालबालिकाहरूले परिवारका सदस्यहरु, साथीहरु र छिमेकीहरूको मृत्युका बारेमा कुरा गरेका थिए । केही बालबालिकाले त मानिसहरु मरिरहेका वा घाइते भइरहेका घटनाहरूको साक्षी बनेको बताएका थिए ।

उनीहरूले त्यस्ता दृश्यहरु देख्दा दुःख लाग्नुका साथै नातागोताहरु गुमाएका मानिसहरूको पीडामा चासो भएको कुरा बारम्बार उठाएका थिए । परिवारका सदस्यहरु गुमाएका साथीहरूसित कसरी कुराकानी गर्ने भन्ने थाहा नभएकोले उनीहरूका सम्बन्धहरूलाई त्यस्ता कुराले कसरी प्रभाव पाऱ्यो र त्यस्ले उनीहरूलाई कति नराम्रो लागेको थियो भनी कतिपय बालबालिकाहरूले बताएका थिए । भूकम्पपछि मृत्युको डर लागेको कुरा ११ वटा लक्षित समूह छलफलका सहभागी बालबालिकाहरूले भनेका थिए ।

"भूकम्पले मानिसहरूमा डर उत्पन्न गरायो र धेरैको ज्यान लियो ।" गोर्खाकी १३-१८ वर्षीय बालिका
"मरेका मानिसहरूको लाश देख्दा मलाई असाध्यै डर लाग्यो ... भूकम्प कहिल्यै नआओस् भन्ने म प्रार्थना गर्छु ।"
रामेछापकी ८-१८ वर्षीय बालिका

"मेरो मनमा डर लागिरहेछ र एक्लै घरधन्दा गरिराखेको बेला पनि मलाई डर लागिरहन्छ । केही भइहाले म मर्छु होला भन्ने लाग्छ ।"
रामेछापकी १३-१८ वर्षीय बालिका

२. हानि, डर र अन्य मनोसामाजिक सवालहरु

प्रायः सबै बालबालिकाहरूमा मृत्युका साथै आम हानिको तीब्र भाव उत्पन्न भएको पाइयो । उनीहरूले घरहरु, पाल्तु जनवारहरु, आफ्ना चिजबिजहरु, विद्यालयहरु, रूखहरु र प्रकृति, समुदायहरु र जीवन पद्धतिहरूमा पुगेका हानिहरूका बारेमा कुरा गरेका थिए । यी कुराहरूसित सम्बन्धित दुःख र पीडाका भावहरु बालबालिकाहरूले व्यापक रूपमा अभिव्यक्त गरेका थिए ।

मन्दिर र पूजा गर्ने अन्य ठाउँहरु जस्ता सांस्कृतिक सम्पदा लगायत धरोहरहरु तथा ऐतिहासिक भवनहरूको विनाश भएको परिणामस्वरूप दुःख र असुरक्षा महसुस हुन गएको भाव ६७ वटा लक्षित समूह छलफलका सहभागी बालबालिकाले व्यक्त गरेका थिए । मन्दिर, स्तुप र गुम्बाका आध्यात्मिक र सामाजिक दुवै किसिमका महत्व छन् र धेरै बालबालिकाहरूले विद्यालय जाँदा आउँदा दैनिक रूपमा, चाडबाडमा र अन्य अवसरहरूमा घुमघाम गर्न सक्ने थिए । अझ, नेपालमा अनुभूत गरिएको जस्तो संकटको समयमा बालबालिका र उनीहरूका परिवारहरूले मन्दिर र पूजा गर्ने अन्य ठाउँहरूमा गएर राम्रो समयका लागि प्रार्थना गर्ने चलनचल्तीको व्यवहार हो ।

भूकम्पका कारण भक्तपुरका भत्सला, फोसिङेगा र अन्य मन्दिरहरु भत्किएका छन् ।

सन्तोष तामाङ/सेभ द चिल्ड्रेन

"हाम्रो गाउँ धेरै सुन्दर थियो तर अहिले त सबै ध्वस्त भएको छ । हामीले पूजा गर्न जाने मन्दिरहरु पनि चकनाचूर भएका छन् ।" काभ्रेकी ८-१२ वर्षीय बालिका

"विकासको बाटोमा अघि बढ्दै गरेको हाम्रो गाउँलाई भूकम्पले विनाश गर्दै गरेको मैले देख्नु पर्‍यो ।"
ओखलढुंगाको १३-१८ वर्षीय बालक

"मेरो प्यारो बाख्रा र कुखुरा मरेकोले मलाई असाध्यै दुःख लाग्यो ।"
नुवाकोटको १३-१८ वर्षीय बालक

बालबालिकाहरूले डर र चिन्ताका कुराहरु पनि व्यापक रूपमा बताएका थिए । बालबालिकाहरूले अर्को भूकम्प, पराकम्पनहरु, पहिरो, वर्षा र आँधी, चोरहरु, जंगली जनवारहरु घरहरु र अन्य भवनहरूमा प्रवेश गर्ने, बाहिर सुत्ने, र रोग ब्याधिहरु जस्ता डरका श्रोतहरु पहिचान गरेका थिए ।

"मलाई डर हटाउने ट्याब्लेट चाहिएको छ ।"
दोलखाको ८-१२ वर्षीय बालक

"कसैले ठूलो स्वरमा बोल्यो भने पनि मलाई डर लाग्छ । भूकम्प नै गएको जस्तो लाग्छ ।"
गोर्खाकी १३-१८ वर्षीय बालिका

"सबैजना 'त्यो (भूकम्प) आयो, त्यो आयो' भनेर चिच्याउँछन्, अनि हामी कुनै पनि कुरामा ध्यान केन्द्रित गर्न सक्दैनौं । हामी वर र पर दौडँदा दौडँदै हैरान भएका छौं ।"
मकवानपुरकी १२ वर्षीय बालिका

"हामी साथीहरूसित खेलिरहन्थ्यौं तर अहिले त्यसो गर्दैनौं र मलाई भोक पनि लाग्दैन । म आमा बुबाबाट अलग हुन चाहन्न र मलाई सँधै डर लागिरहन्छ ।"
काभ्रेको ८-१२ वर्षीय बालक

बालबालिकाहरूले गुमेका अवसरहरु र भविष्यका त्रासहरु बारेमा बताएका थिए । विद्यालयको पढाइमा अवरोध भइरहेकोले ठूला बालबालिकाहरूमा विशेषगरी परीक्षामा असफल हुने पीर रहेको पाइएको थियो । जम्मा २९ वटा लक्षित समूह छलफलका सहभागी बालबालिकाहरूले टाउको दुख्ने, रिगटा लाग्ने, वाकवाक लाग्ने, थकाइ लाग्ने, निद्रा र भोक नलाग्ने जस्ता तनावका शारीरिक र अन्य लक्षणहरु भएको बताएका थिए, जसको कारक उनीहरूले भूकम्प नै रहेको कुरा बताएका थिए । केहीले त जीवनमा आनन्द मनाउनै असक्षम भएको समेत बताएका थिए ।

"मलाई डर लागेकोले पढाइमा ध्यान केन्द्रित गर्नै सक्दिनँ । मलाई केही कुरामा मन नै लाग्दैन । मलाई साथीहरूसित खेल्न पनि इच्छै लाग्दैन ।"
सिन्धुपाल्चोकको ८-१२ वर्षीय बालिका

"मलाई भविष्यका बारेमा चिन्ता लागेको छ, म अन्धकार मात्र देख्छु ।"
ओखलढुंगाको १३-१८ वर्षीय बालक

भूकम्पबाट अति प्रभावित धादिङ जिल्लामा रुखको छाँयामा सञ्चालन भएका कक्षाकोठा । सरकारले गरेको संरचना नियमन अनुसार विद्यालयको चौरलाई पनि मर्मतपूर्व असुरक्षित मानिएको छ ।

एन श्रेष्ठ/यूनिसेफ नेपाल

"मानिसहरूको मृत्यु र गाउँमा भएको ध्वंशलगायत संसारको अन्त्य हुने अफवाहले हाम्रो मुटुमा असहायपनको भाव जन्माइदिएको छ ।"
रामेछापको १३-१८ वर्षीय बालक

आफ्नो सिंगै गाउँ असुरक्षित भएको हुनाले छोडेर जानु परेकोले गर्दा केही बालबालिकाहरूलाई दुःख लागेको कुरा बताएका थिए । अरूहरु चाहिँ उनीहरूका गाउँहरु पहिरोका कारणले जोखिममा रहेको चिन्ता लागेको र सरकारले उनीहरूका लागि बसोवास गर्न सुरक्षित ठाउँ व्यवस्था गर्नु पर्ने कुरा बताएका थिए ।

"आफ्नो घर छोडेर बसाइ सर्नु परेकोले उदास भएको छु । गाउँ छोडेर जानुभन्दा हामी आफ्नै गाउँको कुनै छेउमा बस्न पाए पनि त हुन्थ्यो नि ।" सिन्धुपाल्चोककी १६ वर्षीय बालिका

३. घरभित्र र वरिपरि कामहरु बढ्नु

जम्मा ६८ वटा लक्षित समूह छलफलका सहभागीहरूले भूकम्पपछि अहिले निर्वाह गरिरहेका भूमिकाहरूका बारे मा बताएका थिए । जम्मा १३ वटा लक्षित समूह छलफलका सहभागी बालबालिकाहरूले विशेषगरी गर्नु पर्ने काम थपिएको कुरा बताएका थिए । परिस्थितिको सामना गर्ने उनीहरूका अभिभावकहरूको क्षमताका बारेमा चिन्ता व्यक्त गर्दै वहाँहरूलाई सहायता गर्न चाहेको र प्रयास गर्ने कुरा केहीले बताएका थिए ।

बालकहरूले निर्वाह गरेका भूमिकाहरु आश्रयसित सम्बन्धित थिए । उनीहरूले विशेषगरी ध्वस्त भएका घरहरूबाट परिवारका सरसामान खोज्नु परेको, हानि पुगेका वा ध्वस्त भएका घरहरु हटाउन अभिभावकहरूलाई सघाएको, तथा अस्थायी आश्रयहरु बनाउने सामग्रीहरु खोज्न र निर्माण गर्न सहायता गरेको कुरा बताएका थिए । थोरै संख्याका बालिकाहरूले पनि यस्ता कामहरु गरेका थिए भन्ने बताए ।

"मेरो बुबा नेपाल बाहिर काम गर्नु हुन्छ र म यहाँ आमा र बहिनीसँग बस्छु । भूकम्पले हाम्रो घर ध्वस्त भयो । त्यसैले दिनभरि म त ढुंगा माटो सफा गर्न नै व्यस्त भइरहन्छु ।"
दोलखाको १६ वर्षीय बालक

"आश्रयका लागि यहाँ र त्यहाँ घुमिहिँड्नु हाम्रो लागि साँच्ची नै दिक्कलाग्दो छ ।"
नुवाकोटको ८-१२ वर्षीय बालक

वैशाख १२ गतेको भूकम्पका कारण भत्किएको गोरखाको मासेल गाविसको घर ।

टम भ्यान केकनवज/सेभ द चिल्ड्रेन

"हामीले हाम्रा अभिभावकहरूलाई सघाउनु आवश्यक छ किनकि वहाँहरु भत्किएको घरमा खोतल खातल गर्न अत्यन्त व्यस्त हुनुहुन्छ ।"

रसुवाको ८-१२ वर्षीय बालक

"हामीले पहिलाभन्दा धेरै काम गर्नु पर्छ, हामीले ढुंगा, काठ र अन्य कुराहरु बोक्नु पर्ने हुन्छ ।"

सिन्धुपाल्चोकको १३-१८ वर्षीय बालिका

"म पढ्ने र लेख्ने गर्थें तर अहिले म सामानहरु यता र उता सार्न मात्र सघाउँछु ।"

सिन्धुपाल्चोकको १३-१८ वर्षीय बालक

बालिकाहरूले घरायसी कामधन्दाको बोझ बढेको कुरामा जोड दिएका थिए । महिला र बालिकाहरूलाई परम्परादेखिनै पानी जोहो गर्ने कामका लागि जिम्मेवार मानिन्छ र नियमित पानी वितरण प्रणाली ध्वस्त भएकोले यो काम अझ कठिन बनाइदिएको थियो । पानी लिनका लागि धेरै टाढा हिँडेर जानु पर्ने कुरा केही बालिकाहरूले बताएका थिए । सार्वजनिक धाराहरूमा पानी भर्नका लागि लाममा उभिनु परेको अरु र विशेष गरी शहरी क्षेत्रका बालिकाहरूले बताएका थिए । काभ्रेको एउटा दलित समुदायमा सञ्चालित परामर्शमा पानी भर्न जानु परेकोले बालिकाहरु एक घन्टा ढीलो आइपुगेका थिए ।

"हाम्रो घर नजिकैको पानीको श्रोत भूकम्पले गर्दा सुक्यो र आजकाल त पानी ल्याउन एक घन्टा लाग्छ ।"

सिन्धुलीकी १३-१८ वर्षीय बालिका

"भूकम्प गइसकेपछि हजुरआमा बिमारी हुनुभएको र हेरविचार गर्ने अरु कोही नभएकोले अहिले त मैले वहाँको स्याहार सुसार पनि गर्नु पर्छ । यसका साथै खाना बनाउन र सफा गर्न मैले आमालाई सघाउनु समेत पर्छ ।"

सिन्धुलीकी १३-१८ वर्षीय बालिका

आमा बुबाहरूले आश्रय निर्माण गरिरहेको वा वा अन्य कार्यहरूमा संलग्न भएको बेला साना भाइ बहिनीहरु हेर्नु पर्ने कुरा २४ वटा लक्षित समूह छलफलका सहभागी बालक र बालिकाहरूले बताएका थिए । केही बालबालिकाहरूले यो भूमिका पहिले निर्वाह गरेका भए तापनि २७ वटा लक्षित समूह छलफलका सहभागी बालबालिकाहरूका लागि यो नयाँ काम थियो । भूकम्पहरु गएपछि छोरा छोरीहरूलाई एक्लै छोड्न आमा बुबाहरु डराउनु भएको हुनाले वहाँहरु आश्रय निर्माण, राहत संकलन वा अन्य कार्यहरु गर्न गएको बेला साना भाइ बहिनीहरु हेर्नु पर्ने भएको उनीहरूले बताएका थिए । उनीहरूका नयाँ कार्यहरु र जिम्मेवारीहरूको परिणामस्वरूप उनीहरूले साथीहरूसित खेल्न र सामाजिकीकरण गर्न कम समय पाएको कुरा पनि केही बालबालिकाहरूले बताएका थिए ।

"पहिला पहिला त विद्यालयबाट फर्किएर आएपछि म साथीहरूसँग खेल्थें । तर अहिले त साथीहरूसँग वरिपरि घुमेर कुनै छिमेकीको घर पो भत्क्यो कि भनी हेर्न जान्छौं ताकि हामी उनीहरूलाई सघाउन सकौं ।"

सिन्धुलीको १३-१८ वर्षीय बालक

४. खाद्यान्नको आपूर्तिमा पर्याप्त पहुँच

उल्लेख्य संख्याका बालबालिकाहरु खाद्यन्नको अपर्याप्तता सम्बन्धमा चिन्तित थिए । खाद्यका भकारी, अन्न र आगामी वर्षका लागि खेती गर्ने बीउ भत्केका घरहरुमा सामग्रीहरुले पुरिएका तथा धानका खेत पनि नष्ट भएका भनी उनीहरुले बताएका थिए । भूकम्पले मारेका पशुपन्छीहरुका सम्बन्धमा समेत बालबालिकाहरुले चर्चा गरेका थिए । ग्रामीण परिवारहरुका लागि भैंसी, बाख्रा, कुखुरा र अन्य पशुपन्छीहरुको नोक्सानी हुनु भनेको धेरै ठूलो कुरा हो, किनभने उनीहरुमध्ये धेरै निर्वाहमुखी कृषिमा वा बाँच्नका लागि कृषि उत्पादनहरुको बिक्रीमा निर्भर हुन्छन् ।[१७]

खानलाई पर्याप्त खाना नभएको कुरा केही बालबालिकाहरुले स्पष्ट रुपमा बताएका थिए । अरु चाहिँ उनीहरुले खाइरहेका खानाको गुणस्तर, तरकारीको अभाव र अन्य ताजा खाद्यवस्तुहरुका सम्बन्धमा बढी चिन्तित थिए । केही ठूला बालबालिकाहरुले खाद्य वस्तुहरु र अन्य अत्यावश्यक वस्तुहरुको मूल्य बढेको र त्यसबाट उनीहरुका परिवारलाई आधारभूत आवश्यकताहरु परिपूर्ति गर्नका लागि कठिनाइ उत्पन्न भएको (उनीहरुमध्ये कतिपयले आजीविका पनि गुमाएको) अवस्था छ ।

"खाद्य वस्तुको अभाव मेरो सबैभन्दा ठूलो समस्या हो भन्ने मलाई लाग्छ किनकि धेरै खाद्य वस्तु र बालीनालीहरु हाम्रो घरका ढुंगामुढाहरुमुनि पुरिएको हुनाले हामी धेरै दिनसम्म भोकै पर्न सक्छौं ।"

रामेछापको १३-१८ वर्षीय बालक

५. संरक्षण

बालश्रम, बेचबिखन/ओसार-पसार, जबरजस्ती वेश्यावृत्ति, यौनिक र लैंगिक हिंसा, बाल र जबरजस्ती विवाह नेपालका जब्बर समस्याहरु हुन् ।[१८] भूकम्पपछि शोषणका यस्ता र अन्य रुपहरुको जोखिम बढेको हुन सक्ने संकेत प्रतिवेदनहरुले गरेका छन् ।

जम्मा ५ जिल्लाका लक्षित समूह छलफलका सहभागी बालबालिकाहरु, विशेष गरी बालिकाहरुले दुर्व्यवहार र शोषणको बढी जोखिममा भएको महसुस गरेको बताएका थिए । सबै उमेरका बालिकाहरुले टाढाका नातेदार वा परिवारहरुसित र केही अवस्थामा छिमेकीहरुसित आश्रयहरुमा सँगै बस्नु परेकोले जोखिमयुक्त महसुस भएको बताएका थिए । बालबालिकाहरुमा यौन दुर्व्यवहार, हैरानी र बेचबिखन/ओसार-पसारको जोखिम बढेको आम सोचाइ रहेको पनि पाइएको थियो ।

केही लक्षित समूह छलफलमा बालिकाहरुले सरोकारका विशेष घटनाहरु वा सवालहरुबारे बताएका थिए । भक्तपुरको एउटा लक्षित समूह छलफलमा बालिकाहरुले रक्सी पिएका पुरुषहरुले सुम्सुम्याएको र काखमा बस्न बाध्य पारेको बताएका थिए, गोर्खामा पालहरुमा चिमोटेको र यौनिक हैरानी भोग्नु परेको, नुवाकोटमा केही बालिकाहरुले भारतीय विद्यालयहरुको सूचीमा उनीहरुको नाम राखिएको र बेचबिखन/ओसार-पसारमा परिन्छ कि भनी डराएको कुरा बताएका थिए ।[१९]

"आकाशमुनि बस्नु परेकोले हामीमाथि दुर्व्यवहार हुने जोखिम बढेको छ ।"
सिन्धुपाल्चोकको १६ वर्षीय बालिका

"पालमा बस्ने वयस्क पुरूषहरूले हाम्रो गाला छोएको मलाई मन पर्दैन ।"
रामेछापकी ८-१२ वर्षीय बालिका

"हामीले पालहरूमा बस्दै गरेका बालबालिकाहरूको बेचबिखन/ओसारपसार र बलात्कारलाई रोक्न प्राथमिकता दिनै पर्छ ।"
सिन्धुलीकी १३-१८ वर्षीय बालिका

लक्षित समूह छलफलका एक-तिहाइ बालबालिकाहरूले उनीहरूप्रति अभिभावकहरूको व्यवहार परिवर्तन भएको चर्चा गरेका थिए । वहाँहरु अझ प्रतिरक्षात्मक बनी आफ्ना छोराछोरीहरूलाई आँखाबाट टाढा राख्न चाहँदैन थिए भन्ने धेरैले बताएका थिए । त्यसलाई आमरूपमा (४९ वटा लक्षित समूह छलफलले) सकारात्मक मानेको भए तापनि प्रायः (६ वटा लक्षित समूह छलफलका) ठूला बालिकाहरूले चाहिँ बाहिर जाने र साथीसँगीहरूलाई भेट्ने उनीहरूको स्वतन्त्रतालाई त्यसले सीमित पारेको कुरा राखेका थिए ।

"हाम्रा आमा बुबाले वहाँहरूको छेउछाउमा खेल्दा गाली गर्ने र तर्साउने गर्नु हुन्थ्यो, तर अहिले त वहाँहरूकै आँखाको सामु बसेको चाहनुहुन्छ र धेरै मायालु बन्नु भएको छ ।"
रसुवाको ८-१२ वर्षीय बालक

गोरखामा स्थापना भएको बाल मैत्री स्थानमा आएका बालबालिकाहरु ।

विजय गजमेर /सेभ द चिल्ड्रेन

अभिभावकहरु परिवारका लागि आश्रय, खाना र पानीको व्यवस्था गर्न व्यस्त भएकोले गर्दा आफूसँगै खेल्ने वा खाने समय नभएकोले आफूलाई बेवास्ता गरिएको महसुस गरेको केही बालबालिकाले बताएका थिए । अभिभावकहरु तनावमा भएको देखेर केही बालबालिकाहरूले सहन नसकी दुखी बनेको कुरा पनि स्पष्ट देखिन्थ्यो । आफ्ना अभिभावकहरूले भोग्नु परिरहेका कठिनाइ र पीडाहरु देखेर विशेषगरी बालिकाहरु चिन्तित भएको कुरा बताएका थिए । केही घटनाहरूमा भने उनीहरूलाई गाली गरिएको र निकै कठोर व्यवहार गरिएकोले बालिकाहरु दुखी पनि बनेका थिए ।

"हाम्रा आमा बुबा अहिले धेरै व्यस्त हुनुभएकोले बालबालिकालाई पर्याप्त समय दिन सक्नु भएको छैन ।"
नुवाकोटको १३-१८ वर्षीय बालक

"मेरो बुबा सँधै नरम बोल्नु हुन्थ्यो र हामीलाई विरलै गाली वा कठोर वचन गर्नु हुन्थ्यो । तर भूकम्पपछि मैले कुनै प्रश्न सोधेँ भने पनि गाली गरी कडा शब्दहरु प्रयोग गर्न थाल्नु भएको छ । मैले एउटा साधारण प्रश्न सोधेको बेला वहाँले यति धेरै प्रश्नहरु सोध्नुभन्दा त खाल्डो खनेर पुरिई न भनेर कराउनु भयो । भूकम्पभन्दा पहिला वहाँले कहिल्यै त्यस्ता कुरा नगर्ने हुनाले मलाई साह्रै पीर पऱ्यो र म त धुरू धुरू रोएँ ।"
भक्तपुरकी १३-१८ वर्षीय बालिका

खण्ड ४ : प्रतिक्रिया र पुनःउत्थान : बालबालिकाहरूका दृष्टिकोण र प्राथमिकताहरू

१. राहतसम्बन्धी दृष्टिकोणहरु

आपत्कालीन प्रतिक्रियाका बारेमा धेरै बालबालिकाहरूमा नकारात्मक भाव पाइएको थियो । उनीहरूले पाएको राहत सन्तोषजनक छ कि छैन भन्ने विषयको अभिव्यक्तिमूलक चित्रांकन अभ्यासमा सहभागी बालबालिका मध्ये ३४% (६१६ जना) ले सन्तुष्ट भएको बताएका थिए भने धेरैबढी ६६% (१,२२२ जना) ले नभएको बताएका थिए ।

राहतको प्याकेज भित्रका कुराहरु र वितरीत राहतको परिमाणका सम्बन्धमा असन्तुष्ट रहेको कुरा सबैभन्दा साझा सरोकारको विषय रहेको थियो । ताजा खानाको अभाव भएको र अत्याधिक "जंक फुड" रहेको बालबालिकाले टिप्पणी गरेका थिए । त्यसमा केही खास कुराहरु, विशेषगरी पढ्ने लेख्ने र अन्य शैक्षिक सामग्रीहरु, खेलौना र खेलका सामग्रीहरु, तथा बालिकाहरूका लागि सेनिटरी प्याडहरु समावेश भएको उनीहरु चाहन्थे भन्ने बताएका थिए ।

राहत सामग्रीहरु अनियमित तरिकाले वितरण भएको र राजनीतिक सम्पर्क भएकाहरूले राहतमा शीघ्र र सहजपूर्वक पहुँच गरेको कुरा असन्तुष्टी व्यक्त गर्ने बालबालिकाहरूमध्ये आधाभन्दा धेरैलाई लागेको कुरा अभिव्यक्त गरेका थिए । अरु कतिपयले चाहिँ उनीहरूले वा सीमान्तकृत वा दुर्गम समुदायहरूले राहतमा पहुँच पाउन कठिनाइ भएको बताएका थिए भने केही घटनाहरूमा उनीहरूले कुनै पनि सहायता नपाएको कुरा भनेका थिए ।

गोरखामा भत्किएको घर माझ भेटिएको किताब पढ्दै एक बालिका ।

के पाण्डे /यूनिसेफ नेपाल

" ...एकजना शक्तिशाली व्यक्तिले राहत धेरै पटक पाए भने दुर्गम गाउँका अरु चाहिँ अझै पनि पर्खेका पर्ख्यै छन् तर सिन्को पाएका छैनन् ।"
मकवानपुरको १३-१८ वर्षीय बालक

"मलाई कापी, सीसाकलम र खेल्ने सामग्रीहरु चाहिएको छ ।"
दोलखाको ८-१२ वर्षीय बालक

राहत वितरणसम्बन्धी सूचनाको अभाव वा अपर्याप्तता रहेको सवाल चारवटा लक्षित समूह छलफलका सहभागी बालबालिकाहरूले उठाएका थिए । राहत वितरण गरिएको तरिकाबारे पनि विशेष चासो दर्शाइएको थियो । राहत लिनका लागि उनीहरु वा उनीहरूका अभिभावकहरूले टाढासम्म हिँड्नु र धेरै समय लाममा बस्नु परेको रामेछाप, रसुवा र सिन्धुपाल्चोक जिल्लाका बालक र बालिकाहरु दुवैले टिप्पणी गरेका थिए ।

अतिप्रभावित १४ वटा जिल्लामध्ये सबैभन्दा दुर्गम र पर्वतीय जिल्ला, रसुवामा सञ्चालित तीनवटै परामर्शहरूका सहभागी बालबालिकाहरूले हेलिकप्टरहरूबाट राहत खसाल्दा त उनीहरूलाई हेला गरिएको महसुस गरेका थिए । काभ्रे, नुवाकोट, ओखलढुंगा र सिन्धुपाल्चोक जिल्लाका लक्षित समूह छलफलमा ट्रकहरूबाट राहत फ्याँकिएको सन्दर्भमा पनि त्यस्तै सवाल बालबालिकाहरूले उठाएका थिए । सहायता कार्यकर्ताहरूले जिस्क्याएको, "ट्वाल्ल परेर हेरेको" र उनीहरूको फोटो खिच्दै हिँडेको पनि मन नपरेको कुरा केही बालबालिकाहरूले बताएका थिए ।

"राहत वितरणबारे हामीमध्ये धेरैलाई थाहै थिएन । उनीहरूले राम्ररी प्रचार प्रसार नै गरेका थिएनन् ।"
दोलखाकी ८-१२ वर्षीय बालिका

"हामीले राहत पाउन धेरै टाढा हिँडेर जानु पर्थ्यो र त्यहाँ पुग्दा त प्रायः केही पनि बाँकी हुँदैनथ्यो ।"
दोलखाकी ८-१२ वर्षीय बालिका

राहत पाएकोमा सन्तुष्ट भएको भन्नेहरूमध्ये धेरैले उनीहरु र उनीहरूका परिवारहरूले पाएका राहत सामग्रीहरु र ठीक समयमा वितरण भएकोमा खुशी भएको बताएका थिए । आकस्मिक सहायता वितरण गर्ने विषयमा सरकार, नेपाली सुरक्षा दलहरु, राष्ट्रिय र अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरु, र निजी व्यक्तिहरूको सकारात्मक भूमिकाहरूका बारेमा बालबालिकाहरूले विविध प्रकारले प्रकाश पारेका थिए । भूकम्पको प्रतिक्रियाका रूपमा बालबालिकाहरूका लागि उपलब्ध गराइएका सामग्रीहरु (उदाहरणका लागि : बालमैत्री ठाउँहरु, अस्थायी सिकाइ केन्द्रहरु, खेल सामग्रीहरु र खेलौनाहरु) मन पराएको पनि केही बालबालिकाहरूले बताएका थिए । अरूले चाहिँ घुम्ती स्वास्थ्य क्लिनिकहरु मन परेको भनेका थिए ।

"मानिसहरूले राहत प्याकेजहरु वितरण गर्दा हामीलाई खुशी लाग्यो ।"
रामेछापकी ८-१२ वर्षीय बालिका

"मानिसहरूले राहत वितरण गरिरहेको र यति धेरै संस्थाहरु र स्थानीय समुदायहरु मिलेर काम गरेको देख्दा खुशी लाग्यो ।"
नुवाकोटको १३-१८ वर्षीय बालक

राहतमा राख्नु पर्ने कुरा, राहत वितरण र राहतसम्बन्धी सूचना लगायत राहतमा कसरी सुधार गर्न सकिन्छ भन्ने विषयमा विस्तृत सुझावहरु बालबालिकाले दिएका थिए :

हामी जान्न चाहन्छौं :

- कहिले र कहाँ राहत वितरण भइरहेछ भन्ने अग्रिम सूचना
- कस्तो प्रकारको राहत वितरण भइरहेछ भन्ने अग्रिम सूचना
- सरकारले के कस्तो सहायता उपलब्ध गराइरहेको छ
- विदेशी मुलुकहरूबाट राहत सामग्रीहरु उपलब्ध गराइएको थियो कि थिएन र भएमा के कस्ता
- बाचा गरिएका राहत सामग्रीहरु बारे के भए

हामी हेर्न चाहन्छौं :

- राहत प्याकेजहरूले हाम्रा सबै आवश्यकताहरूलाई सम्बोधन गरून्
- राहत प्याकेजहरूमा महिला र बालिकाहरूका लागि सरसफाइका सामानहरु
- राहत प्याकेजहरूमा बालबालिका र किशोर किशोरीहरूका लागि खेलौनाहरु, मसलन्द र अन्य सामग्रीहरु
- राहत वस्तुहरु पाउनका लागि छोटा लामहरु

२. भविष्यका लागि प्राथमिकताहरु र अपेक्षाहरु

आफ्नो जीवन र समुदायहरु एक वर्षपछि कस्तो भएको हेर्न चाहन्छन् भन्ने विषयमा बालबालिकाहरूका विचारहरु संकलन गर्न दृश्यात्मकता विधिहरु (चित्रांकन, लेखन र छलफल) को प्रयोग गरिएका थिए । अभिव्यक्तिमूलक चित्रांकन अभ्यासमा बालबालिकाहरूलाई उनीहरूले उठाएका सरोकारका सवालहरूको समाधानबारे सुझावहरु दिनका लागि आग्रह गरिएको थियो । यस खण्डमा ती दुईवटा अभ्यासहरूका उपलब्धिहरु प्रतिविम्बित गरिएका छन् ।

धादिङमा भएको बालबालिका अन्तरक्रिया कार्यक्रमकृ एक झलक ।

एन श्रेष्ठ/यूनिसेफ नेपाल

क. घर भएको हुनुपर्ने

एक वर्षमा आश्रयसम्बन्धी बालबालिकाहरूको परिकल्पना	लक्षित समूह छलफल संख्या
हामी खुल्ला ठाउँ र बगैंचा भएका भूकम्प संरक्षित घरहरु चाहन्छौं	१४५
हामी बलिया जस्तापाताहरु भएका अस्थायी टहराहरु चाहन्छौं	१२
हामी आफ्नो समुदायमा सुन्दर गाउँ चाहन्छौं	१०
हामी अस्थायी आश्रयमा होइन नयाँ घरमा बस्न चाहन्छौं	९
हामी योजनावद्ध शहरहरु चाहन्छौं	९
हामी पिउने पानी, सडक र विद्युतमा सबैको पहुँच भएको चाहन्छौं	६

सबै जिल्लाका बालबालिकाहरूले उपयुक्त घर भएको र हानि पुगेका र ध्वस्त भएका घरहरु चाँडोभन्दा चाँडो पुनर्निर्माण भएको हेर्न चाहेका थिए । यो एउटा संयुक्त प्रयास हुन सक्छ जस्मा घरहरु पुनर्निर्माण गर्न असक्षम भएकाहरूलाई सरकारले वित्तीय सहायता उपलब्ध गराउनु पर्छ, तथा परिवारहरु र समुदायहरु सँगै मिलेर पुनर्निर्माण गर्नु पर्छ भन्ने केही बालबालिकाहरूले प्रस्ताव गरेका थिए ।

दिइएका सुझावहरूमध्ये ९०% को सम्बन्ध आश्रयहरूसित थियो र घरहरु भूकम्प झेल्न सक्ने गरी बलिया हुनु पर्ने कुरा विशेषरूपमा प्रस्ताव गरिएका थिए । अन्य सुझावहरु भवनहरूसँग सम्बन्धित थिए, जसमा घरहरु काठ र टिन जस्ता हलुका सामग्रीले बनेका, होचा र सुरक्षित तथा पहिरोको जोखिम नभएको स्थानमा अवस्थित हुनु पर्ने प्रस्ताव गरिएका थिए ।

"म रूखहरु रोपिएका फाँटिला ठाउँहरूमा भूकम्प प्रतिरोधी घरहरु बनेको हेर्न चाहन्छु ।"
सिन्धुपाल्चोकको १३-१८ वर्षीय बालक

"प्रतियोगिता गरेझैं गरी मानिसहरूले अग्ला घरहरु बनाउनु हुँदैन ।"
ओखलढुंगाको ८-१२ वर्षीय बालक

लक्षित समूह छलफलमा सहभागी निकै बालबालिकाहरूले घर निर्माणसम्बन्धी नियमहरु र प्राविधिक सल्लाह उपलब्ध गराउनु पर्ने आवश्यकता बारेमा प्रकाश पारेका थिए । घरहरु सुरक्षित र बाल-मैत्री कसरी बनाउन सकिन्छ भन्ने बारे केही बालबालिकाहरूले विशेष सुझावहरु पनि प्रस्ताव गरेका थिए । सुझावहरूमा घरहरु एक वा दुई तल्लाभन्दा अग्लो हुन नहुने, प्रत्येक घर बाहिर खुल्ला ठाउँ हुनु पर्ने, ढोकाका ह्यान्डलहरु साना बालबालिकाले भेट्ने ठाउँमा हुनु पर्ने, र अर्को भूकम्प गएको खण्डमा बाहिर निस्कन सजिलो बनाउनका लागि एउटाभन्दा धेरै ढोकाहरु हुनु पर्ने जस्ता बुँदाहरु समावेश भएका थिए ।

"भूकम्प फेरि आयो भने दौडिए पनि म ढोका खोल्न सक्दिन भन्ने डरले मलाई राति सुत्न धेरै डर लाग्छ किनकि

चुकुल धेरै माथि छ र म त्यो चुकुल भेट्दिन ...। मैले मेरा आमा बुबालाई ढोका खुल्लै राख्न बिन्ती गरँ तर चोरहरु पस्छन् भनी वहाँहरु मान्नु भएन । मेरा आमा बुबालाई कि चुकुलहरु तल सार्न कि ढोका खुल्लै राख्न कृपया अनुरोध गरिदिन सक्नु हुन्छ ?"

भक्तपुरकी ८-१२ वर्षीय बालिका

निकट भविष्यमा पनि उनीहरु अस्थायी आश्रयहरूमा बस्नु पर्ने संभावनालाई महसुस गर्दै उनीहरूले ती आश्रयहरूलाई कसरी सुधार गर्न सकिन्छ भन्ने सुझावहरु पनि दिएका थिए ।

भविष्यका लागि बालबालिकाहरूको परिकल्पना र अपेक्षाहरु उनीहरूका आफ्ना घरहरूभन्दा अगाडि बढेर समुदाय र वातावरण जस्ता विस्तृत क्षेत्रहरूसम्म पुगेका थिए । धेरै बालबालिकाहरूले "एउटा सुन्दर गाउँ" बारे (१० वटा लक्षित समूह छलफलमा) तथा प्रदूषणरहित वातावरण बारे (२४ वटा लक्षित समूह छलफलहरूमा) इच्छा व्यक्त गर्दै बोलेका थिए भने आफ्नो समुदायमा हरियाली छाएको (३५ वटा लक्षित समूह छलफलमा) र अझ राम्रो वृक्षारोपण (३१ वटा लक्षित समूह छलफलमा) भएको इच्छाएका थिए । धेरै बालबालिकाहरूले (७१ वटा लक्षित समूह छलफलमा) मन्दिरहरु र धार्मिक महत्वका अन्य ठाउँहरूलाई उच्च प्राथमिकता दिएका थिए ।

"एक वर्षपछि मेरो गाउँको विकास भएको म हेर्न चाहन्छु । त्यहाँ बजार हुनेछ । त्यहाँ भूकम्प प्रतिरोधक घरहरु हुनेछन् । म हरियाली र शान्ति छाएको हेर्न चाहन्छु ।"

सिन्धुपाल्चोकको ८ वर्षीय बालक

"एक वर्षपछि मेरो गाउँ भूकम्प जानुभन्दा पहिलाकै जस्तो भएको म इच्छा गर्छु । घरहरु, विद्यालयहरु, मन्दिर, गुम्बा, चैत्य र सांस्कृतिक धरोहरहरु पहिलाकै ढाँचामा पुनर्निर्माण गर्नु पर्नेछ ।"

रामेछापको १३-१८ वर्षीय बालक

घरहरूको पुनर्निर्माणका सन्दर्भमा पहिचान गरिएका उपायहरू निम्नानुसार थिए:

- घरहरु भूकम्प प्रतिरोधक हुनु पर्छ र हलुका सामग्रीहरूले बनाइनु पर्छ
- घरहरूको पुनर्निर्माण र मर्मत सम्भार गर्न तथा ध्वस्त भएका वा भत्किएका घरहरु हटाउनका लागि सरकारले वित्तीय र/वा प्राविधिक सहायता प्रदान गर्नु पर्छ
- भवन निर्माणसम्बन्धी मापदण्डहरु सम्बन्धी नीति र मार्गनिर्देशनहरु सरकारले जारी गर्नु पर्छ
- घरहरु पुनर्निर्माण गर्न समुदायहरु मिलेर काम गर्नु पर्छ
- घरहरूको निर्माण वा मर्मत सम्भार इन्जिनियरको सुपरिवेक्षणमा गरिनु पर्छ र श्रमिकहरूलाई तालिम दिइनु पर्छ
- इन्जिनियरहरूबाट अनुगमन र माटो परीक्षण गरेर मात्र नयाँ घरहरु निर्माण गर्नु पर्छ

अस्थायी आश्रयहरूको अवस्था सुधार गर्नका लागि पहिचान गरिएका उपायहरू निम्नअनुसार थिए :

- भूकम्पबाट प्रभावित भएका सबैलाई सरकारले त्रिपालहरु उपलब्ध गराउनु पर्छ र घरधुरीका सदस्यहरूका आधारमा त्रिपालहरूको संख्या बाँडफाँड गरिनु पर्छ
- जंगली जनावरहरूबाट संभावित आक्रमणको जोखिम न्यूनीकरण गर्न समुदायहरूले राति सँगै बस्नु पर्छ
- सरकारले पुरूष र महिलाहरूका लागि छुट्टा छुट्टै पालहरु उपलब्ध गराउनु पर्छ

समग्र वातावरणको पुनर्स्थापना र सुधार गर्नका लागि पहिचान गरिएका उपायहरू :

- मन्दिरहरु, सम्पदाहरु र सार्वजनिक भवनहरूलाई मौलिक ढाँचामा सामुदायिक सहायता र संलग्नतामा निर्माण गर्नु पर्छ
- रूखहरु र अन्य हरियाली छाउने वनस्पतिहरु रोप्नु पर्छ
- विकास योजनावद्ध हुनु पर्छ र शहर बजारहरूमा पैदल यात्रीहरूका लागि राम्रा सुविधाहरु हुनु पर्छ

ख. विद्यालयमा फर्किनु

एक वर्षका लागि शिक्षासम्बन्धी बालबालिकाहरूको परिकल्पना	जम्मा लक्षित समूह छलफल संख्या
हामी साना र भूकम्प प्रतिरोधक विद्यालय भवन चाहन्छौं	१४०
हामी ठूलो खेल मैदान भएको सुरक्षित विद्यालय चाहन्छौं	४६
हामी विद्यालय जाने युनिफर्म र शैक्षिक सामग्रीहरु चाहन्छौं	३५
हामी अवरोधरहित अध्ययन अध्यापन हुने विद्यालय चाहन्छौं	९
हामी अझ धेरै अस्थायी सिकाई केन्द्रहरु स्थापना भएको चाहन्छौं	९
हामी विद्यालय फर्किन चाहन्छौं	८
हामी विद्यालय जाने सुरक्षित बाटो र स्कूल बस भएको चाहन्छौं	७
हामी पाठ्यक्रममा भूकम्पसम्बन्धी जानकारी चाहन्छौं	७

धेरै बालबालिकाहरु विद्यालय फर्किन उत्सुक थिए । भत्किएका वा ध्वस्त भएका विद्यालयहरु र कक्षा कोठाहरूको पुनर्निर्माण नहुञ्जेलसम्म पालहरु वा अन्य अस्थायी आश्रयहरूमा शिक्षालाई पुनः चालु गर्नु पर्छ भनी ७१ वटा लक्षित समूह छलफलका सहभागी बालबालिकाहरूले सुझाव प्रस्ताव गरेका थिए ।

"विद्यालय सञ्चालन गर्न कठिनाइ भएमा हामी चौतारामा भए पनि कक्षा लिन खुशी हुनेछौं ।"
काभ्रेकी १३-१८ वर्षीय बालिका

लक्षित समूह छलफलको दुई तिहाइ बालबालिकाहरूले नयाँ विद्यालयहरु भूकम्प प्रतिरोधक ढाँचाअनुरूप भूकम्प प्रतिरोधक सामग्रीहरु प्रयोग गरेर बनाइनु पर्छ भन्ने कुरामा जोड दिएका थिए । केहीले त विशेष गरी एक वा धेरैमा दुई तल्लासम्म भएका साना विद्यालय भवनहरु मात्र चाहेको बताएका थिए । आश्रय झैं धेरै विद्यालय पुनर्निर्माणलाई यस अवस्थामा बालबालिकाहरूले सरकार, शिक्षक र समुदायहरूको साझा जिम्मेवारीका रूपमा हेरेको पाइएको थियो ।

"साना र घाइते भएका बालबालिकाहरूले पनि अर्को भूकम्पको डररहित भई कक्षामा सामेल हुन सक्ने गरी विद्यालय भवनहरूलाई भूकम्प प्रतिरोधक बनाई पुनर्निर्माण गरिनु पर्छ ।"
मकवानपुरको १३-१८ वर्षीय बालक

केही बालबालिकाहरूले भूकम्पपछि गएका शिक्षकहरु विद्यालयमा फर्किनु पर्ने र शिक्षण सुचारु गर्नु गर्ने आवश्यकता

भएको बताएका थिए । केही ठूला बालबालिकाहरूले त विद्यालयका विदाहरु घटाएर वा छोट्याएर छुटेका पाठहरु पूरा गर्न बालबालिकाहरूलाई सहज पारिनु पर्ने कुरा पनि भनेका थिए ।

विद्यालयमा शीघ्र र सुरक्षित रूपमा आफ्नो फर्काई सुनिश्चित गर्न र छुटेका पाठहरु पूरा गर्न तथा अध्ययनलाई निरन्तरता दिनका लागि बालबालिकाहरूले पहिचान गरेका विशेष उपायहरु निम्न थिए :

- नयाँ विद्यालयहरु नबनुञ्जेलसम्म पालहरु वा अस्थायी आश्रयहरूमा विद्यालयहरु सञ्चालन गरिनु पर्छ
- सबै भूकम्पप्रभावित बालबालिकाहरूलाई सरकारले किताब, मसलन्द र अन्य शैक्षिक सामग्रीहरु उपलब्ध गराउनु पर्छ
- भूकम्पहरूपछि छोडेर गएका शिक्षकहरु फर्किएर कक्षाहरु पुनःसञ्चालन गर्नु पर्छ
- सरकारले असुरक्षित विद्यालयहरूमा पढ्नु नपर्ने कुरा सुनिश्चित गर्नु पर्छ
- बालबालिकाहरूले राति पनि पढ्न लेख्न पाउने गरी विद्युत सुविधा उपलब्ध गराउनु पर्छ
- छुटेको अध्ययन पूरा गर्नका लागि साना कक्षाका विद्यार्थीहरूलाई ठूला कक्षाका विद्यार्थीहरूले सघाउनु पर्छ
- भूकम्पप्रभावित क्षेत्रहरूका विद्यार्थीहरूलाई छुटेका पाठहरु पूरा गर्नका लागि विद्यालयका विदाहरु कट्टी गर्नु वा छोट्याउनु पर्छ
- भूकम्पप्रभावित क्षेत्रहरूका बालबालिकाहरूलाई छात्रवृत्ति र निःशुल्क खाजा उपलब्ध गराइनु पर्छ ।

विद्यालयहरूको पुनर्निर्माण गर्ने सन्दर्भमा बालबालिकाहरूले दिएका सुझावहरू निम्न थिए :

- भूकम्प प्रतिरोधी प्रविधिहरु र हलुका सामग्रीहरु प्रयोग गरेर विद्यालयहरु बनाइनु पर्छ
- सरकार र विद्यालय व्यवस्थापन समितिहरूले चाँडोभन्दा चाँडो विद्यालयहरूको पुनर्निर्माण कार्य थाल्नु पर्छ र समितिहरूलाई संलग्न गराउनु तथा सहयोग उपलब्ध गराउनु पर्छ ।

ग. सफा पानी, सरसफाइ र स्वास्थ्य सेवामा पहुँच

पानी र सरसफाइसम्बन्धी बालबालिकाहरूको एक वर्षको परिकल्पना	जम्मा लक्षित समूह छलफल संख्या
हामी प्रत्येक घरमा शुद्ध पिउने पानी आपूर्ति भएको चाहन्छौं	१२९
हामी प्रत्येक घरमा चर्पी भएको चाहन्छौं	५६
हामी पानीका श्रोतहरूको नियमित सरसफाइ र परीक्षण चाहन्छौं	२९
हामी प्रदूषणरहित वातावरण चाहन्छौं	२४
हामी व्यक्तिगत र सामुदायिक सरसफाइ कायम राख्न सबै जिम्मेवार भएको चाहन्छौं	८

स्वास्थ्यसम्बन्धी बालबालिकाहरूको एक वर्षको परिकल्पना	जम्मा लक्षित समूह
हामी गाउँमा सुरक्षित अस्पतालहरु चाहन्छौं	८१
हामी डाक्टर र नर्सहरूको पर्याप्त संख्या भएको चाहन्छौं	३३
हामी सहजै औषधिहरु उपलब्ध भएको चाहन्छौं	२३
हामी भाइरल, झाडापखाला र वाकवाकी लाग्ने रोगहरु अन्त्य भएको चाहन्छौं	१०
हामी मानिसहरूलाई अस्पताल लैजान एम्बुलेन्सहरु भएको चाहन्छौं	९

बालबालिकाहरूको सफा र सुरक्षित पानीमा पहुँच हुनु पर्छ तथा अन्ततोगत्वा प्रत्येक घरमा पानीको प्रत्यक्ष आपूर्ति हुनु पर्छ भन्ने कुरा उनीहरूले जोडदार रूपले महसुस गरेका थिए । त्यस्तै, बालिका र बालकहरूले प्रत्येक घरमा चर्पी पुनर्निर्माण भएको हेर्न चाहेका थिए । तत्कालका लागि, उनीहरूले अस्थायी बसोवास स्थलहरूमा मृत जनावरहरु, आश्रयहरु र सामुदायिक क्षेत्रहरु लगायत इनार र पानीका अन्य श्रोतहरूको नियमित सफाइ गर्न, स्वास्थ्य र सरसफाइमा सुधार गर्न तथा व्यक्तिगत सरसफाइ कायम राख्नका लागि उपायहरु सुझाएका थिए ।

बालबालिकाहरूले भूकम्पपूर्वको तहमा स्वास्थ्य स्याहार सेवाको पुनर्स्थापना भएको मात्र होइन बरू सेवा सुविधाहरूमा सुधार भएको हेर्न चाहेको कुरा अभिव्यक्त गरेका थिए । केहीले विशेष रूपमा भूकम्पको परिणामस्वरूप उत्पन्न तनाव र हताशा (डिप्रेसन) बाट पीडितहरूलाई विमर्श तथा अन्य प्रकारका मनोसामाजिक सहायताको आवश्यकता भएको कुरा बताएका थिए ।

बालबालिकाहरूले पानी र सरसफाइमा सुधार गर्नका लागि निम्न उपायहरू पहिचान गरेका थिए :

- सरकारले प्रदूषित पानीका श्रोंतको शुद्धीकरण गर्ने र क्षति पुगेका वा ध्वस्त भएका पानीका श्रोतहरु मर्मत सम्भार गर्न सहायता दिने व्यवस्था गर्नु पर्छ ।
- पुरूष/बालकहरु र महिला/बालिकाहरूका लागि अलग-अलग अस्थायी चर्पीहरु चाँडोभन्दा चाँडो निर्माण गरिनु पर्छ ।
- सरसफाइ कायम राख्ने र राहत सामग्रीहरु प्याकिङ गरिएका खोलहरु फाल्ने मार्गनिर्देशन समुदायहरूलाई उपलब्ध गराइनु पर्छ ।
- अस्थायी आश्रयहरु र वरिपरिको वातावरण सफा राख्ने जिम्मेवारी समुदायहरूले नै लिनु पर्छ ।

स्वास्थ्य सेवामा सुधारका लागि बालबालिकाहरूले पहिचान गरेका उपायहरू

- प्रत्येक गाउँमा दक्ष डाक्टर र नर्सहरु नियुक्त भएका स्वास्थ्य चौकीहरु हुनु पर्छ ।
- सबै भूकम्पप्रभावित क्षेत्रहरूमा औषधिहरु सहज रूपमा र निःशुल्क उपलब्ध गराइनु पर्छ ।
- हर हमेशा गाउँहरूमा एम्बुलेन्सहरु उपलब्ध हुने व्यवस्था गरिनु पर्छ ।

घ. संरक्षण

संरक्षणसम्बन्धी बालबालिकाहरूको एक वर्षको परिकल्पना	जम्मा लक्षित समूह छलफल संख्या
हामी प्रत्येक गाउँमा प्रहरी चौकी भएको चाहन्छौं	१६
हामी बालबालिकाहरु दुर्व्यवहारबाट मुक्त भएको चाहन्छौं	८
हामी विद्यालयमा समानस्पमा व्यवहार गरिएको चाहन्छौं	७
हामी बालबालिका र विद्यार्थीहरूलाई परिवार र शिक्षकहरूले माया गरून् भन्ने चाहन्छौं	४

सहभागी बालबालिकाहरूले आफूहरु र उनीहरूको समुदायहरूका अरु बालबालिकाहरूलाई अझ सुदृढ संरक्षण भएको हेर्न चाहन्छन् । उनीहरूको संरक्षणको जिम्मेवारी परिवार, शिक्षक, सुरक्षा निकाय र सरकारमा भएको उनीहरूले देखेका छन् ।

संरक्षणसम्बन्धी विशेष सुझावहरू निम्नानुसार छन् :

- अभिभावकहरूले उनीहरूका बालबालिकाहरूलाई धेरै समय दिनु पर्छ ।
- सरकारले अनाथहरूलाई आश्रय, खाना, शिक्षा र अरु आधारभूत आवश्यकताहरु उपलब्ध गराउनु पर्छ ।
- सरकारले बालबालिकाहरूको बेचबिखन/ओसारपसार रोकथाम गर्नका लागि कडा नियमहरु लागु गर्नु पर्छ ।
- आफूलाई हैरान पार्ने र हानि गर्ने मानिसहरूबाट बालबालिकाहरु टाढा रहने प्रयास गर्नु र बस्नु पर्छ ।

ङ. खाद्य सुरक्षा र आजीविका

खाद्य सुरक्षा र आजीविकासम्बन्धी बालबालिकाहरूको एक वर्षको परिकल्पना	जम्मा लक्षित समूह छलफल संख्या
हामी समुदायमा कृषि उत्पादन बृद्धि भएको चाहन्छौं	२३
हामी पौष्टिक आहार खान चाहन्छौं	१२
हामी हाम्रा अभिभावकहरूका लागि काम चाहन्छौं	११
हामी करेसा बारीमा तरकारी उमार्न चाहन्छौं	११
हामी पर्याप्त खाद्य सामग्रीहरु चाहन्छौं	८

बालबालिकाहरूले पर्याप्त खानामा पहुँच चाहेका हुन् । छोटो अवधिमा, उनीहरु खाद्य सहायताको वितरण निष्पक्ष र आवश्यकतामा आधारित हुनु पर्ने कुरामा चासो राखेका थिए । उनीहरूका घरका भग्नावशेषहरूमा पुरिएका खाद्य उत्पादन र बीउ खोजी गर्न केही सहायता चाहिएको पनि बताएका थिए । दीर्घकालीन रूपमा, उनीहरूका परिवार लाई कृषिकार्यका लागि आवश्यक कुराहरु खरीद गर्न र भूकम्पमा मारिएका पशुपन्छीको पूर्ति गर्नका लागि सहायता लगायत आजीविकाहरु पुनर्स्थापित गर्न सहयोग चाहेका थिए । विशेषगरी उनीहरूले निम्न सुझाव प्रस्तुत गरेका थिए:

- आवश्यकताका आधारमा खाद्य सहायताको न्यायोचित वितरण गर्नु पर्ने ।
- भत्किएका घर र भवनहरूबाट बीउ र खाद्य वस्तु उत्खनन गर्नका लागि सुरक्षा निकायहरूको सहयोग लिनु पर्ने ।
- किसानहरूलाई सरकारले बीउ र मल प्रदान गर्नु पर्ने ।

अस्थायी शिक्षण केन्द्रमा सञ्चालन भै रहेको कक्षाकोठा ।

विजय गजमेर /सेभ द चिल्ड्रेन

- पशुपन्छीहरु परिपूर्ति गर्नका लागि कृषकहरूलाई सक्षम बनाउन क्षतिपूर्ति र/वा ऋण उपलब्ध गराउनु पर्ने ।
- भूकम्पप्रभावित क्षेत्रहरूमा बसोवास गरिरहेकाहरूलाई सरकार प्रबर्द्धित रोजगारीको व्यवस्था गर्नु पर्ने ।
- धनी मानिसहरूले गरीबहरूलाई आजीविका पुनर्स्थापित गर्नका लागि ऋणको प्रबन्ध गर्नु पर्ने ।

च. सहभागिता

सहभागितासम्बन्धी बालबालिकाहरूको एक वर्षको परिकल्पना	जम्मा लक्षित समूह छलफल संख्या
हामी विद्यालयमा मनोरञ्जनात्मक क्रियाकलापहरु भएको चाहन्छौं	१६
हामी बाल क्लबका सदस्य बन्न चाहन्छौं	१०
हामी बालबालिकाहरूका आवाजहरूको कदर गरिएको चाहन्छौं	५

उल्लेखनीय संख्याका बालबालिकाहरूले अझ धेरै बालकेन्द्रित क्रियाकलापहरु भएको र उनीहरूको जीवनलाई प्रभाव पार्ने सवालहरूमा सहभागी हुन पाउने वा परामर्श लिइने अवस्था भएको चाहना अभिव्यक्त गरेका थिए । यससम्बन्धमा विशेष सुझावहरु निम्न बमोजिम थिए :

- विद्यार्थीहरूसित अस्थायी र दीर्घकालीन शिक्षाका सवालहरूबारे विद्यालय सञ्चालन समिति र गाउँ विकास समिति (गाविस) हरूले परामर्श गर्नु पर्छ ।
- बालबालिकाहरूका लागि स्थानहरु, उदाहरणका लागि साथीहरूसित खेल्ने र छलफल गर्ने बाल क्लबहरु वा चौतारा हुनु पर्छ ।

खण्ड ५ :
भविष्यका विपत्तिहरूका लागि तयारी

इलाममा सन् २०११ सेप्टेम्बर १८ मा आएको भूकम्प पछि रेट्रोफिटिङ भएको विद्यालय ।

गंगा प्याकुरेल/सेभ द चिल्ड्रेन

"भूकम्प के हो कसैले मलाई बताउन सक्छ ?"
ओखलढुंगाको १३-१८ वर्षीय बालक

भूकम्प बालबालिकाका लागि विध्वंसात्मक थिए र अर्को भूकम्प आएको खण्डमा राम्रोसित तयारी हुनु पर्छ भनी केही बालबालिकाहरूले निश्चय गरेका पनि थिए ।

भूकम्पका बारेमा जानकारी र समझदारीको अभाव भएको कुरा बालबालिकाहरूले बताएका थिए जसका कारण उनीहरु अपेक्षितरूपमा तयार नै भएका थिएनन् ।

उनीहरूले सूचनाको अभाव, अपूर्ण बुझाई र अफवाहहरूले कसरी डरलाई बढाइदिन्छन् भन्ने कुरा पनि औंल्याएका थिए । साना बालबालिकाहरूमा विशेषगरी धेरै गलत बुझाईहरु रहेका थिए भने ठूला बालबालिकाहरु पनि खासरूपमा के अपेक्षा गर्ने भनी थाहा नभएका थिए ।

"भूकम्प दैत्य हो, जुन आएपछि भ्याएसम्म धेरै ध्वंश गर्छ ।"
भक्तपुरको ८-१२ वर्षीय बालक

"भूकम्पबारे पर्याप्त जानकारी कसैले पनि बताएन । भूकम्पका खराब असरहरु र मानिसहरूलाई तर्साउन उठाइएका अन्य सवालहरूबारे अफवाहहरु मात्र फैलाइएका थिए ।" मकवानपुरको १३-१८ वर्षीय बालक
"ठूलो हावा हुरी चल्दा घरहरु भत्किँदैनन् तर भूकम्पहरु जाँदा किन भत्किन्छन् ?"
ओखलढुंगाको ८-१२ वर्षीय बालक

बालबालिकाहरूमा भूकम्पपछाडिको विज्ञानलाई अझ राम्ररी बुझ्ने तीब्र चाहना रहेको थियो । उदाहरणका लागि "स्तर वा म्याग्निच्युड" भनेको के हो, टेक्टोनिक प्लेट भनेको के हो, कम्पनहरु के ले गराउँछन्, आदि ।

भविष्यमा आफूलाई कसरी संरक्षित गर्ने भन्ने विषयमा प्रायः सबै बालबालिकाहरूले अरु धेरै कुरा जान्न चाहेको कुरा बताएका थिए । भूकम्प गएको बेला के गर्ने भन्ने विषयमा केहीले आधारभूत पूर्वतयारी कक्षाहरूमा सहभागी भएको बताएका थिए, तर त्यो खासै अर्थपूर्ण थिएन किनकि त्यसमा भूकम्पको प्रकृतिका बारेमा राम्ररी बताइएको थिएन । अरूले त भूकम्प गइसकेपछि मात्र सुरक्षासम्बन्धी तालिम पाइरहेकोमा दुःख व्यक्त गरेका थिए । भूकम्पमा मृत्यु र चोटपटकबाट सुरक्षित हुनका लागि "लड्ने, लुक्ने र पक्रने" (ड्रप, कभर एन्ड होल्ड) अभ्यास सिकेका बालबालिकाहरूले त्यसबारे बताएका थिए, तर त्यो नेपालका लागि उपयुक्त भए नभएको समेत प्रश्न उठाएका थिए । केहीले भने कि खुल्ला (हुन सक्नेसम्मको सबैभन्दा सुरक्षित) ठाउँमा घर बाहिर पुगेका बालबालिकाहरूले "लड्ने, लुक्ने र पक्रने" अभ्यासको अनुसरण गरेर लुक्नका लागि घरभित्र दौडेर पसेका थिए भन्ने कुरा केही बालबालिकाले बताएका थिए ।

"दोस्रो भूकम्प गएको बेला मेरो साथीको मृत्यु भयो र मलाई सारै दुःख लाग्यो । विद्यालयमा टेबलमुनि लुक्नु भनेर सिकाएअनुसार घरभित्र पसेकोले उसको मृत्यु भएको थियो ।"
रसुवाको ८-१३ वर्षीय बालक

राम्रो पूर्वतयारी सुनिश्चित गर्नका लागि विद्यालयहरु र शिक्षकहरूले महत्वपूर्ण भूमिका खेल्न सक्ने कुरा बालिका र बालकहरूले देखे, तर त्यसलाई भवनको डिजाइन, विकास योजना र विद्यालय पाठ्यक्रमहरूमा एकीकृत गरेर विस्तृत परियोजनाका रूपमा समेत यसलाई देखेका थिए ।

सहभागी बालबालिकाहरूले भविष्यका भूकम्पहरूका लागि तयारी गर्न र आफूलाई संरक्षित गर्न अवलम्बन गर्नु पर्ने विस्तृत उपायहरूनिहित सुझाव दिएका थिए । तीमध्ये केही उनीहरु र/वा उनीहरूका परिवारले गर्न सक्ने कार्यहरु तथा अरूले गर्नु पर्ने भनी उनीहरूले चाहेका कार्यहरूसित सम्बन्धित थिए । उनीहरूले निम्न कुराहरु पहिचान गरेका थिए :

भूकम्पको पूर्वतयारीका लागि बालबालिकाहरूले गर्नु पर्ने कार्यहरू :

- सुरक्षित, खुल्ला ठाउँमा सर्नु पर्छ ।
- बुढा रूखहरु वा धराप भएका घरहरूको नजिक जानु हुँदैन ।
- पहिरो जाने संभावित क्षेत्रहरूबाट बच्नु पर्छ ।
- सतर्क भइरहनु पर्छ ।
- लुगा, खाना र औषधिलगायत आकस्मिक सामग्रीहरु भएको एउटा ब्याग ("झटपटझोला") तयार गर्नु पर्छ ।

भूकम्पको पूर्वतयारीका लागि अरूले गर्नु पर्ने कार्यहरू :

- सबै घरहरु र अन्य भवनहरु भूकम्प प्रतिरोधी भएको सुनिश्चित गर्नु पर्छ ।
- सबै घरहरु र अन्य भवनहरु बालबालिकाहरूलाई ध्यानमा राखी डिजाइन गरिएको हुनु पर्छ, उदाहरणका लागि ढोकाका चुकुल र हेन्डलहरु भेट्न सकिने होचो ठाउँमा हुनु पर्छ ।
- विद्यालयहरु र घरहरूमा ठूला बगैंचाहरु र कम्पाउन्डहरु हुनु पर्छ ताकि दौडिनका लागि सुरक्षित ठाउँ होस् ।
- विद्यालयको पाठ्यक्रममा भूकम्प पूर्वतयारी विषय समावेश गरिएको हुनु पर्छ ।
- शिक्षकहरूले पूर्वतयारी/सुरक्षासम्बन्धी तालिम लिएको हुनु पर्छ र आफ्ना विद्यार्थीहरूसित त्यसबारे छलफल गर्नु पर्छ ।
- विद्यालयका पाठ्यपुस्तकहरूमा भूकम्पसम्बन्धी एउटा पाठ हुनु पर्छ ।

हामीलाई मन पर्ने सूचना जसबाट भूकम्पहरूका लागि हामी अझ राम्ररी पूर्वतयार हुन सक्छौं :

- भूकम्प आइरहेको बेला हामीले आफूलाई कसरी संरक्षण गर्नु पर्छ ?
- भूकम्प प्रतिरोधी घरहरु निर्माण कसरी गर्ने ?
- भूकम्प के हो र यो किन हुन्छ ?
- नेपालमा विगतका भूकम्पहरूको प्रभाव ।

त्यो सूचना हामी कसरी प्राप्त गर्न चाहन्छौं :

- रेडियो र टेलिभिजन ।
- हाम्रा शिक्षकहरु र अभिभावकहरु ।
- इन्टरनेट र समाचारपत्रहरु (मुख्यतः काठमाण्डौ उपत्यकामा) ।

निष्कर्ष

"मलाई अझै आशा छ । अहिलेका लागि हामी त्रिपालमुनि अध्ययन गर्न सक्छौं र मलाई के विश्वास छ भने एक वर्षपछि विद्यालय भवन पुनर्निर्माण भइसकेको हुनेछ, त्यसैले म त मेरा सपनाहरु पछ्याउन छोड्दिनँ ।"

नुवाकोटकी ८-१२ वर्षीय बालिका

भूकम्प र तिनीहरूका निरन्तर पराकम्पनहरूले नेपालका बालबालिकाहरूको जीवनमा विध्वंसात्मक प्रभाव पाऱ्यो । यस परामर्शमा सहभागी भएका बालबालिकाहरूले धेरै तात्कालीन र दीर्घकालीन चुनौतीहरु र सरोकारहरु पहिचान गरेका थिए जसलाई आगामी महीनाहरूमा बालबालिकाहरूको समुन्नति र सुरक्षा सुनिश्चित गर्न तथा उनीहरूका लागि सुरक्षित भविष्य सुनिश्चित गर्नका लागि सम्बोधन गरिनै पर्छ ।

यत्रो विपद्का बावजुद परामर्शमा सहभागी बालबालिकाहरूले उनीहरूको जीवन सामान्य अवस्थामा फर्किनेछ भन्ने वा निरन्तर सहायता र सहयोग पाएर अझ उन्नत हुने आशा र आत्मविश्वासका उल्लेखनीय तहहरु दर्शाएका थिए । यी आशा र अपेक्षाहरूको परिपूर्ति सुनिश्चित गर्ने दायित्व अब राष्ट्रिय र अन्तर्राष्ट्रिय सरोकारवालाहरूको काँधमाथि आएको छ । यसका साथै यिनीहरूको कार्यान्वयन सम्बन्धमा बालबालिकाहरूलाई सुसूचित गर्नु पर्ने र उनीहरु र उनीहरूका परिवारहरु तथा समुदायहरूलाई प्रभाव पार्ने निर्णयहरु लिने अवस्थामा सहभागी गराइनु पर्ने कुराहरु सुनिश्चित गर्नै पर्छ ।

यस अध्ययनले के सुस्पष्ट पारेको छ भने बालबालिकाहरूसँग परामर्श गर्दा नौला परिप्रेक्ष्यहरु र दृष्टिकोणहरु आउँछन् जस्ले निर्णय र योजना तर्जुमालाई समृद्ध बनाउन सक्छ । आपत्कालको सन्दर्भमा यो परामर्श नेपालमा पहिलो पटक सञ्चालित भए तापनि भूकम्प-पश्चात्को पुनःउत्थान र पुनर्निर्माण सम्बन्धी सबै राष्ट्रिय र स्थानीय तहका नीति निर्माण तहहरूको अङ्गका रूपमा यसलाई पुनः प्रयोग गरिनेछ भन्ने आशा राखिएको छ । भविष्यमा भूकम्प वा कुनै आपत् आइहालेमा बालबालिकाहरूको सुरक्षा र समुन्नति सुनिश्चित गर्नका लागि बालबालिकाहरूका अनुभव र सुझावहरूलाई देशभरिको विपद् पूर्वतयारी कार्यक्रमहरु तर्जुमा र कार्यान्वयन गर्दा मध्यनजर राखिनु पर्छ ।

अनुसूची १

परामर्शको विधिसम्बन्धी थप विस्तृत विवरण

परामर्शका लागि समुदायहरूको छनौट निम्नलिखित आधारबाट निर्देशित थियो :

- दुईवटा भूकम्पहरूबाट अति प्रभावित भएका भनी नेपाल सरकारले पहिचान गरेका जिल्लाहरु
- सहकर्मी निकायहरूको कार्यक्रमिक उपस्थिति वा बाल क्लबहरु र अन्य बाल सञ्जालहरूसित विद्यमान सम्पर्क/सम्बन्ध भएको आधारमा जिल्ला सदरमुकामहरु निर्धारण गरिएका थिए
- जिल्लामा अति-प्रभावित गाविसहरु
- उपेक्षित वा सीमान्तकृत समूहहरूको उच्च घनत्व भएका गाविसहरु

यसको उद्देश्य कार्यक्षेत्रहरूबीच विविधता कायम गर्नु र परिणामहरूलाई अत्यन्त धेरै प्रभावित घटनाहरु वा अति प्रभावित समुदायहरूप्रति पूर्वाग्रहलाई सीमित गर्नु थियो ।

प्रत्येक जिल्लामा बालबालिकाहरूसित लक्षित समूह छलफल (FGD) सञ्चालन गर्ने निकायहरूबाट दुईजना अगुवा सहजकर्ताहरु (एकजना पुरूष र एकजना महिला) र दुईजना अभिलेखनकर्ताहरु (प्रायः एकजना पुरूष र एकजना महिला) लिइएका थिए । सहजकर्ताहरु चाहिँ उनीहरूको ज्ञान र सीपहरूका आधारमा छानिएका थिए । यी सहजकर्ता र अभिलेखनकर्ताहरूलाई समुदायका स्थानीय स्वयंसेवकहरूले सहायता गरेका थिए । अगुवा सहजकर्ताहरु र अभिलेखनकर्ताहरूले बालसहभागिता, बालसंरक्षण र बाल परामर्शका विधि र प्रक्रियाहरूसम्बन्धी उच्च स्तरीय तालिम पाएका थिए ।

सहमति गरिएको व्यवस्थित कार्यविधि प्रयोग गरी अध्ययन टोलीहरूले सादृच्छिक वा आकस्मिक (Random) छनौट गरेका घरधुरीहरूबाट बाल सहभागीहरु पहिचान गरेका थिए । उनीहरूले अभिभावकहरु/स्याहारकर्ताहरु र बालबालिकाहरूलाई बाल परामर्शको उद्देश्य र प्रक्रियाको बारेमा वयान गरेर उक्त घरधुरीबाट लक्षित समूह छलफलमा सहभागी हुनका लागि एकजना बालक/बालिका उपलब्ध हुन सक्छन् भनी सोधेका थिए । लक्षित समूह छलफलभन्दा अगाडि नै निदर्श (sampling) छनौट बालबालिकाहरूका लागि उपयुक्त समय र स्थानमा सम्पन्न गरिएको थियो । अध्ययन टोलीहरूले प्रत्येक समुदायमा विभिन्न उमेर र लिंगका आधारमा छुट्टा छुट्टै दुईदेखि तीनवटा लक्षित समूह छलफलहरु सञ्चालन गर्ने लक्ष्य राखेका थिए ।

लक्षित समूह छलफलहरूको दौरानमा टिपोटका रूपमा कर्मचारीहरूले छलफलका मुख्य बुँदाहरु र बालबालिकाहरूका उद्धहरणहरूको अभिलेखन तथा व्यवहारहरूको अवलोकन गर्दै तथ्यांक संकलन गरेका थिए । प्रत्येक परामर्शपछि, लक्षित समूह छलफलबाट प्राप्त मुख्य कुराहरु र त्यस अवधिमा उत्पन्न चुनौतीहरु छलफल गर्न अध्ययन टोलीहरु भेला हुने गर्दथे । त्यसपछि बालबालिकाहरूले पहिचान गरेका प्राथमिकताका सवालहरु र समाधानहरूमाथि प्रकाश

पार्दै टोलीले आफूले प्राप्त गरेका कुराहरु र तिनीहरूलाई बालबालिकाहरूले भनेका सान्दर्भिक उद्धहरणहरूले पुष्टी गर्दै प्रतिवेदनका फारमहरूका ढाँचामा लेख्दथे । अनि ती फारमहरु (सेभ द चिल्ड्रेनका) बाल परामर्श परियोजना व्यवस्थापक समक्ष विश्लेषणका लागि पेश गरिन्थे । प्रतिवेदन फारमहरु अंग्रेजीमा पेश गरिन्थे र, आवश्यकतानुसार, अध्ययन टोलीले नेपालीबाट अनुवाद गर्दथे ।

भूकम्पको परिप्रेक्ष्यमा बालबालिकाहरूलाई प्रभाव पार्ने तीनवटा मुख्य सवालहरु पहिचान गर्न चारवटा फरक विधिहरु प्रयोग गरिएका थिए । समूहहरूबाट तीनवटा मुख्य सवालहरु पहिचान र प्राप्त भएपछि बालबालिकाहरूसित विस्तृत रूपमा छलफल गरिन्थ्यो । लेखाजोखा टोलीले लक्षित समूह छलफल थाल्नु अगाडि नै उमेर समूह, उपलब्ध श्रोत साधनहरु र सहजकर्ताले गरेको बालबालिकाहरूको अवस्था र उत्साहको अवलोकनका आधारमा विधिहरु छनौट गर्थे । सबै विधिहरु सबै उमेर र लिंग समूहहरूसित प्रयोग गरिन्थे ।

संकलित तथ्यांकबाट तुलना गरेर (Inductively) मूल विषयहरु निकाल्दै मूल-विषय विश्लेषण (Thematic Content Analysis) कार्यविधि अवलम्बन गरेर तथ्यांक विश्लेषण गरिएको थियो । नयाँ विकासशील मूल विषयहरु लक्षित समूह छलफलमा आउने पटक र सवालको गाम्भीर्यका आधारमा पहिचान गरिएका थिए र ती मूल विषयहरूलाई नक्शांकन गरी सवालहरु कसरी परस्परमा सम्बन्धित छन् भनी एकिन गरिएको थियो । उपलब्ध भएका ठाउँमा मूल विषयलाई टेवा दिनका लागि प्रत्यक्ष भनाई वा उद्धहरणहरूलाई प्रयोग गरिएको थियो । अझ, एच लेखाजोखा/शरीर नक्शांकन/दृश्यांकन अभ्यासबाट प्राप्त तथ्यांकलाई रूजु गरेर तुलनात्मक विषयवस्तु विश्लेषणबाट पहिचान भइसकेका मूल विषयहरूका लागि अरु थप पुष्टीकारक प्रमाण उपलब्ध गरिएको थियो ।

अध्ययनका सबल पक्षहरु र सीमाहरु

सबल पक्षहरू

- भूकम्पले प्रभावित विस्तृत समुदायहरूका विभिन्न उमेरका धेरै संख्याका बालबालिकाहरूकहाँ बाल परामर्श पुग्न सकेको थियो ।
- बालबालिकाहरूको उत्साह र सहयोगले नै यति छोटो सूचनामा यति विस्तृत लेखाजोखा सफल बन्न सकेको थियो ।
- उमेर र सन्दर्भ सुहाउँदा क्रियाकलाप विधिहरूलाई बालबालिकाहरूले सजिलै बुझ्न सकेका थिए ।
- क्रियाकलापहरु सञ्चालन गर्ने दौरानमा न्यून साक्षरता भएका बालबालिकाहरूलाई पनि सफलतापूर्वक संलग्न गराइएको थियो । बालबालिकाहरूको उमेर, अवस्था र उत्साहका आधारमा सहजकर्ताहरूले विधिहरु छनौट गरेर प्रयोग गर्ने गरेका थिए ।
- स्थानीय समुदायहरु, स्थानीय अधिकारीहरु, शिक्षकहरु, राष्ट्रिय र जिल्ला तहका प्रतिनिधिहरूले यस परामर्शको कार्यान्वयनलाई सहज बनाउन सहयोग गरेका थिए ।
- विभिन्न निकायहरु र कार्यक्षेत्रहरूका बावजुद तथ्यांक संकलन कार्यविधिमा एकरूपता सुनिश्चित गर्न साझा तालिम र विधिहरूको प्रयोगले मद्दत गरेका थिए ।
- कार्यगत सहकर्मीहरूबीचको सहयोग र समन्वय, तथा प्रशिक्षित र अनुभवी कर्मचारी र स्वयंसेवकहरु तथ्यांकको विश्वसनीयता र लेखाजोखाको समग्र सफलताका कारक तत्वहरु थिए ।
- भूकम्पपछि लगत्तै तथ्यांक संकलन गरिएकोले वास्तविक र आधिकारिक तथ्यांक सुनिश्चित भएको थियो ।

सीमाहरू

- प्रत्येक स्थानमा चुनिएका समुदायहरूबाट बिभिन्न श्रेणीका बालबालिकाहरूलाई समावेश गर्न सादृच्छिक निदर्श प्रयोग गर्ने योजना थियो । जिल्ला सदरमुकामहरूमा यो परामर्श बालमैत्री स्थानहरूमा र अस्थायी सिकाई केन्द्रहरूमा सञ्चालन भएका थिए जसले गर्दा ती केन्द्रहरूमा सहभागी नभएका बालबालिकाहरु वञ्चित पनि भएका हुन सक्छन् ।
- निर्धारित मापदण्डअनुसार अति प्रभावित गाविस र अति प्रभावित जनसंख्याको बहुसंख्या सीमान्तकृत समुदाय भएको अर्को गाविस छनौट गर्ने लक्ष्य थियो । समयको कारणले गर्दा धेरै अवस्थाहरूमा अपेक्षा गरेअनुरूप यो मापदण्ड लागू गर्न सकिएन । त्यसकारण, यसले विभिन्न समुदायहरूका बालबालिकाहरु बीचका फरकहरु पहिचान गर्ने क्षमतालाई प्रभाव पारेको थियो ।
- परामर्शताका भाषागत अवरोध पनि थियो - सहजकर्ताहरूले नेपाली भाषा प्रयोग गरेका थिए तर लक्षित समूह छलफलमा सहभागी सबै बालबालिकाहरु, विशेषगरी आदिबासी समुदायका बालबालिकाहरूको मातृभाषा नेपाली थिएन । तर, यो केही लक्षित समूह छलफलहरूका मात्र सवाल थिए र सहजकर्ताहरूले त्यसको प्रभावलाई न्यूनीकरण गर्न अनुवादकहरु प्रयोग गरेका थिए । यसका साथै ती बालबालिकाहरूले निश्चित तहको नेपाली बुझ्न सक्ने भएकाले कम्तीमा एउटा निश्चित तहसम्म परामर्शमा भाग लिन सकेका थिए ।
- प्रत्येक लक्षित समूह छलफलमा सबै बालबालिकाहरूको सहभागिता सुनिश्चित गर्ने प्रयत्नहरु गरिएका भए तापनि प्रकृतिमा भएका फरकहरु, लजालुपना र थाहा नभएका अभ्यासका प्रकारहरु हुनाले केही बालबालिकाहरु आफ्ना कुरा व्यक्त गर्न हिच्किचाउने वा अरूको नक्कल मात्र गर्ने थिए । त्यसकारण, उनीहरूका दृष्टिकोणहरु सफलतापूर्वक प्राप्त गर्न नसकिएको पनि हुन सक्छ ।
- बालबालिकाहरूले केही विधिहरु साह्रै मन पराएका थिए, उदाहरणका लागि शरीर नक्शांकन । तर समय अभावका कारणले त्यसलाई लामो समयसम्म चलाउन सकिएन र उनीहरूका केही अभिव्यक्तिहरु अभिलेखन नभएको पनि हुन सक्छ ।

ENDNOTE

१. नेपालको भूकम्प सन् २०१५, पिडिएनए, नेपाल सरकार, राष्ट्रिय योजना आयोग, जुन २०१५ ।

२. नेपालको जनगणना सन् २०११

३. नेपालको भूकम्प सन् २०१५, पिडिएनए, नेपाल सरकार, राष्ट्रिय योजना आयोग, जुन २०१५ ।

४. नेपालको भूकम्प सन् २०१५, पिडिएनए, नेपाल सरकार, राष्ट्रिय योजना आयोग, जुन २०१५ ।

५. नेपालको भूकम्प सन् २०१५, पिडिएनए, नेपाल सरकार, राष्ट्रिय योजना आयोग, जुन २०१५ ।

६. नेपालको भूकम्प सन् २०१५, पिडिएनए, नेपाल सरकार, राष्ट्रिय योजना आयोग, जुन २०१५ ।

७. प्लान इन्टरनेशनल, भविष्यको अपेक्षा : हाइटीको विपद्-पश्चात्को आवश्यकता लेखाजोखा , मार्च २०१० ; प्लान इन्टरनेशनल, सेभ द चिल्ड्रन र वर्ल्ड भिजन इन्टरनेशनल, योलान्डा पश्चात्, बालबालिकाहरूले के सोचिरहेका, चाहिरहेका र सिफारिस गरिहेका छन्, डिसेम्बर २०१३; तथा प्लान इन्टरनेशनल, सेभ द चिल्ड्रन, वर्ल्ड भिजन इन्टरनेशनल र युनिसेफ, इबोलापश्चात्, बालबालिकाहरूको इबोलाबाट पुनर्लाभ सम्बन्धी लेखाजोखा : सियरा लियोन, जुन २०१५

८. युएनओचा नेपाल, संशोधित फ्लास अपिल, अप्रिल सेप्टेम्बर २०१५

९. नेपालको भूकम्प सन् २०१५, पिडिएनए, नेपाल सरकार, राष्ट्रिय योजना आयोग, जुन २०१५ ।

१०. नेपाल शिक्षा क्लस्टर, नेपालको भूकम्प : शिक्षा ड्यासबोर्ड, ६ जुन २०१५

११. नेपाल शिक्षा क्लस्टर, नेपालको भूकम्प : शिक्षा ड्यासबोर्ड, ६ जुन २०१५ नेपाल शिक्षा क्लस्टर (नेपालको भूकम्प : शिक्षा ड्यासबोर्ड, ६ जुन २०१५ का अनुसार २३ लाखसम्म बालबालिकाहरु विद्यालयबाट बञ्चित हुने जोखिममा छन् ।)

१२. परीक्षाहरु हालै सुचारू भए र भूकम्पबाट प्रभावित विद्यार्थीहरूलाई परीक्षा सञ्चालन हुने स्थानहरूमा स्वास्थ्य र मनोसामाजिक सहायता प्रदान गर्न सुनिश्चित गर्ने, तथा तत्काल परीक्षामा बस्न असमर्थ भएकाहरूका लागि पछि मौका उपलब्ध गराउने प्रावधान गराइसकेको छ ।

१३. भूकम्प गएपछि सरकारी र सार्वजनिक भवनहरु लगायत विद्यालयहरु संरचनात्मक रूपले लेखाजोखा गरिनु पर्ने प्रावधान राखिएको छ । लेखाजोखा गरेर सुरक्षितलाई हरियो स्टिकर, मर्मत सम्भार गर्नु पर्नेलाई पहेँलो र असुरक्षितलाई चाहिँ रातो दिइएको छ ।

१४. संयुक्त राष्ट्र संघीय मानवीय सहायता संयोजकको कार्यालय, नेपाल संशोधित फ्लास प्रतिवेदन, अप्रिल-सेप्टेम्बर २०१५ ।

१५. यो सवाल नउठेका दुई जिल्ला मकवानपुर र रामेछाप मात्र थिए ।

१६. युएनओचा, नेपाल संशोधित फ्लास प्रतिवेदन, अप्रिल-सेप्टेम्बर २०१५ ।

१७. खाद्य सुरक्षा क्लस्टरको प्रतिवेदनअनुसार भूकम्पले खाद्य सुरक्षालाई अति गंभीर रूपमा, विशेषगरी दुर्गम पर्वतीय क्षेत्रहरूमा प्रभाव पारे । उक्त प्रतिवेदनअनुसार १४ लाख मानिसहरु (काठमाण्डौ उपत्यकाबाहेक) लाई खाद्य सहायता आवश्यक छ । खाद्य सुरक्षा क्लस्टर, नेपाल, सन् २०१५ को भूकम्पको खाद्य सुरक्षा प्रभावसम्बन्धी प्रतिवेदन, मे २०१५ ।

१८. युनिसेफको विश्वका बालबालिकाहरूको अवस्था, सन् २०१५ अनुसार (अगस्ट २०१४ सम्म उपलब्ध तथ्यांकका आधारमा) नेपालका ५ देखि १४ वर्ष उमेरका बालबालिकाहरूको ३३.९% बाल श्रममा संलग्न थिए, १०% बालिकाहरूको १५ वर्षको उमेरभित्रै विवाह भइसकेको हुन्थ्यो र ४१% बालिकाहरूको १८ वर्षको उमेर भित्रै विवाह भैसकेको हुन्थ्यो । केन्द्रिय बालकल्याण समितिको नेपालमा बालबालिकाको स्थिति सन् २०१४ अनुसार सन् २०१३ मा प्रहरीमा बालबालिकाविरूद्ध बलात्कार र अन्य प्रकारका यौनदुर्व्यवहारका ५८७ वटा र बेचबिखन/ओसारपसारका ६६ वटा घटना दर्ता भएका थिए । यस्ता धेरै घटनाहरूको उजुरी नै नहुने पनि गरेका छन् ।

२०. लक्षित समूह छलफल ताका आएका सबै बाल संरक्षणका सरोकारका सवालहरूबारे स्थानीय अधिकारीहरूलाई उजुरी गरिएको र अनुशीलन वा फलोअप पनि भइरहेको छ ।